# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



**हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं**

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्

**सुपर काइनेटिक कुरियर्स सर्भिस**

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१



वर्ष ३८ | अंक २३८ | बुटवल | २०८३ भदौ २५ गते, बिहीबार | नेपाल संवत ११४६ | Thursday September 10, 2026 | पृष्ठ ४ | मूल्य रु. १० मात्र | Lumbini


# गृहमन्त्री गुरूङको धम्कीको चौतर्फी विरोध

**लुम्बिनी संवाददाता**

*बुटवल*



गृहमन्त्री सुधन गुरुङले पत्रकारलाई धम्क्याएको भन्दै सांसदहरूले विरोध जनाएका छन् । प्रतिनिधिसभाको बैठकमा बोल्दै सांसदहरूले जेनजी शहीद स्मृति दिवसका अवसरमा आयोजित कार्यक्रममा गृहमन्त्री गुरुङले पत्रकारहरूप्रति अनावश्यक टिप्पणी गरेको भनेर ध्यानाकर्षण भएको बताएका छन् ।

नेपाली कांग्रेसकी सांसद रीना उप्रेतीले भनिन्- '...हिजो जेनजी स्मृति दिवस मनाइरहँदा कार्यक्रमको मञ्चबाट गृहमन्त्रीले स्वतन्त्र चार पत्रकारहरूलाई, सञ्चारकर्मीलाई धम्क्यानुभयो ।' साथै, नेपाली कांग्रेसकी सांसद रेखा कुमारी यादवले लोकतन्त्रको आधार स्तम्भ स्वतन्त्र प्रेस भएको बताइन् । नागरिकको आवाज राज्यसम्म पुऱ्याउने र सरकारलाई जनताप्रति जवाफदेही बनाउने संचार क्षेत्रलाई कमजोर पार्ने कुनै पनि निर्णय स्वीकार्य नरहेको बताइन् ।

सांसद यादवले लोककल्याणकारी विज्ञापनसम्बन्धी सरकारको नीति समेत सच्याउन आवश्यक रहेको बताइन् । मंगलबार पुरानो संसद् भवन प्राङ्गणमा जेनजी शहीद नेपाल र जेनजी शहीद परिवार कल्याणकारी समितिले जेनजी शहीद स्मृति सभा राखेका थिए । प्रमुख अतिथि गृहमन्त्री सुधन गुरुङ थिए । मन्त्रीहरू सोबिता गौतम, महावीर पुन, सुनिल लम्साल, अतिथि थिए । उक्त कार्यक्रममा गृहमन्त्री सुधन गुरूङको अभिव्यक्तिलाई लिएर संसद्मा प्रश्न उठेको हो । नेपाली कम्युनिस्ट पार्टीका सांसद रमेशकुमार मल्लले पनि जेनजी सहिद दिवसका सन्दर्भमा सरकारका मन्त्रीबाट व्यक्त केही विचार अत्यन्तै चिन्ताजनक र खेदजनक रहेको बताए ।

'अहंकार र दम्भ त्यो भन्दा कयौँ गुणा चर्को छ, जुन पहिला पहिलाका शासकहरुमा देखिन्थ्यो' उनले भनेका छन्, 'उहाँकै भाषामा भन्दा राजनीति सिकाउन आएकाहरुले शुरु गरेको यो त्रासको शासनको गन्तव्य लोकतन्त्र नै हो कि निरंकुशतन्त्र हो ?' यो गम्भीर प्रश्न खडा भएको भन्दै उनले थपे, 'सत्तारुढ दलले गम्भीर समीक्षा गरोस् ।' गृहमन्त्री सुधन गुरुङ र कानुनमन्त्री सोविता गौतमले भ्रामक तथा आपत्तिजनक अभिव्यक्ति दिएपछि राष्ट्रियसभामा प्रश्न उठेको छ । गृहमन्त्री सुधन गुरुङले मंगलबार राष्ट्रिय सभाप्रति छेडखानी गरेका थिए । जेनजी शहीद दिवसका अवसरमा आयोजिक कार्यक्रमलाई सम्बोधन गर्दै उनले भनेका थिए, '... धेरै जनाले शब्द नमिल्ला भनेर भन्ला । धन्नले यो राष्ट्रिय सभा चाहिँ होइन रहेछ ।'

संसद्को पुरानो भवन प्राङ्गणमा भएको कार्यक्रममा यति भनिसकेपछि गृहमन्त्री केहीबेर हाँसे । अनि थपे- 'यो आफ्नै परिवार, आफ्नै घर माझमा बोल्दै गर्दा मेरो मनबाट आएको वक्तव्यलाई स्वीकारदिनुहुन्छ ।' सोही कार्यक्रममा कानुन, न्याय तथा संसदीय मामिला मन्त्री सोविता गौतमले विधेयक निर्माणमा राष्ट्रिय सभा पनि रहेकाले आफूहरुलाई अप्ठेरो परेको भन्दै दोषारोपण गरेकी थिइन् ।

उनले गत चैत १२ मा सरकार गठन भएयताका साढे चार/पाँच महिनाको अन्तरालमा काम गर्दा सहज नभइरहेको टिप्पणी गरेकी थिइन् । 'यो साढे चार/पाँच महिनाको अन्तराल सरकारमा रहँदै गर्दा त्यति सहज पनि भइरहेको छैन जति यहाँहरूले प्रतिनिधिसभामा तपाईंहरूसँग बहुमत नम्बर छ भनिरहनुभएको छ । किनभने, कुनै पनि देशमा सरकार चलाउँदै गर्दा, संरचनाहरू चल्दै गर्दा आफ्नै नियम परिधिहरू हुन्छन् ।'- उनले भनेकी थिइन् ।

कानुन मन्त्री गौतमले संघीय संसद्का दुई वटा सभाको कुरा गरेकी थिइन् । 'यहाँहरूलाई थाहा छ, हाम्रो देशमा दुई वटा सभा छन् । दुई वटा सभाबाट पारित भएर राष्ट्रपतिले प्रमाणित गरिसकेपछि बल्ल कानुन बन्छ । प्रतिनिधिसभामा त करिब दुई तिहाइ छ ।

» बाँकी ३ पेजमा

## उद्योगमन्त्रीको अभिव्यक्तिप्रति व्यवसायीको आपत्ति

बुटवल । ग्यास आपूर्तिसम्बन्धी उद्योग समितिमा भएको छलफलका क्रममा उद्योगमन्त्री गौरी यादवले व्यवसायीहरूलाई पाता कस्ने र उद्योगको लाइसेन्स खारेज गर्ने जस्ता धम्की दिएको भन्दै व्यवसायीले आपत्ति जनाएका छन् ।

उद्योगीहरू नेपाल आयाल निगममा अप्ठ्यारो स्थितिमा बजारमा ग्यास कसरी भित्र्याउने भन्ने विषयमा छलफल गरिरहेको बेला उद्योगमन्त्रीले समितिमा उद्योगीलाई पाता कस्ने बताएको उनीहरूको भनाइ छ । उद्योगीले मन्त्रीबाट आएको यस्तो धम्कीपूर्ण र अनावश्यक आरोपप्रति आक्रोश व्यक्त गर्दै उक्त अपमानजनक शब्द तत्काल फिर्ता लिनुपर्ने माग गरेका छन् ।

नेपाल एलपी ग्यास उद्योग संघका पूर्वअध्यक्ष शिव घिमिरेले मन्त्रीले आफ्ना शब्द फिर्ता नलिए सशक्त कदम चाल्ने बताए । उनले भने-'मन्त्रीले ग्यास व्यवसायीलाई पाता कस्ने अभिव्यक्तिप्रति हाम्रो आपत्ति छ । मन्त्रीको यस किसिमको व्यवहार र अभिव्यक्तिका विषयमा हामीले प्रधानमन्त्री कार्यालयमा टेलिफोन गरी जानकारी गराएका छौँ । यो शब्द फिर्ता लिन भनेका छौँ ।

» बाँकी ३ पेजमा

## आफ्नै पार्टीकी सचेतक क्रान्तिशिखालाई हप्काए

जेनजी स्मृति दिवसको कार्यक्रममा दुई विवादित 'धर्मगुरु' लाई मञ्चमा राखेको भन्दै प्रश्न उठाएकी आफ्नै पार्टीकी सांसद तथा सचेतकलाई गृहमन्त्री सुधन गुरूङले ह्वाट्सएप ग्रुपमा हप्काएका छन् । झन्डै एक दर्जन 'जेनजी' सांसदहरू रहेको ह्वाट्सएप ग्रुपमा गृहमन्त्री गुरूङ रास्वपा सचेतक क्रान्तिशिखा धितालमाथि हेपाहा शैलीमा प्रस्तुत भएका हुन् । उनले 'खोला तऱ्यो, लौरो बिर्सयो' भन्दै क्रान्तिशिखालाई जेनजी आन्दोलनमा आफूहरूसँग नलडेको भन्दै प्रश्न गरेका छन् ।

जबाफमा धितालले 'गृहमन्त्रीज्यू, तपाईंको तमिज भएन' भन्दै 'जेनजीको आन्दोलन तपाईं एक्लैको हो भन्ने भ्रमबाट निस्कन' भनेकी छन् । यो विवाद भदौ २३ गते नयाँ बानेश्वरस्थित पुरानो संसद भवनमा आयोजित जेनजी स्मृति दिवसको कार्यक्रमलाई लिएर सुरु भएको हो । उक्त कार्यक्रममा विवादास्पद धर्मगुरूहरूलाई समेत मञ्चमा राखिएको थियो । कार्यक्रममा सहभागी रास्वपा सचेतक धितालले त्यसप्रति असन्तुष्टि जनाउँदै सामाजिक सञ्जालमा प्रश्न उठाएकी थिइन् ।

» बाँकी ३ पेजमा

## अन्ध समर्थक चाहिएको छैन : लामिछाने



बुटवल । राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)का सभापति रवि लामिछानेले महाविपद्का बेला सर्वस्व गुमाएका नागरिकको आक्रोशलाई लक्षित गरेर टीकाटिप्पणी र कटाक्ष गर्ने काम बन्द गर्न आग्रह गरेका छन् । बुधबार प्रतिनिधिसभामा सम्बोधन गर्दै लामिछानेले यस्तो बताएका हुन् ।

'यो महाविपद्को समयमा सर्वस्व गुमाएका स्वाभाविक आक्रोशलाई लक्षित गरेर सामाजिक सञ्जाल वा चोकचौतारोमा तुच्छ टीकाटिप्पणी र कटाक्ष गर्ने कार्य आजै र अहिल्यै बन्द गरौं ।'- लामिछानेले भने ।

उनले सरकारसँग पनि विपद्मा परेका नागरिकलाई दुर्व्यवहार गर्ने व्यक्तिमाथि कारबाही गर्न आग्रह गरे । 'सरकारलाई मेरो स्पष्ट आग्रह छ- पीडामा रहेका नागरिकलाई यस्ता दुर्व्यवहार भएका छन् भने हामी निर्मम हुन्छौं भनेर विज्ञप्ति निकाले मात्रै पुग्दैन्,' उनले भने-'राज्य साँच्चै निर्मम छ र पीडितको पक्षमा उभिन्छ भन्ने कुरा नागरिकले महशुस गर्नेगरी देखाउने हो ।  देखाइदिनुहोला ।' रास्वपालाई त्यस्ता सदस्य र अन्ध समर्थक पनि नचाहिने उनले बताए । 'राष्ट्रिय स्वतन्त्र पार्टीलाई विपद्मा रुँदैगरेका नागरिकलाई होच्याउने अन्ध समर्थक चाहिएको छैन,' लामिछानेले भने- 'हामीलाई त शोक र पीडामा परेका भुइँमान्छेको पक्षमा उभिने र उनीहरूको आँसु पुछ्ने सदस्यहरू चाहिएको छ ।'

## भदौ २३ र २४ का घटनामा संलग्न सबैमाथि छानबिन र कारबाही : गगन



बुटवल । नेपाली कांग्रेसका सभापति गगन थापाले भदौ २३ र २४ गते भएका घटनामा संलग्न सबैमाथि निष्पक्ष छानबिन गरी कारबाही गर्न सरकारसँग माग गरेका छन् । बीपी स्मृति दिवसको अवसरमा एक भिडियो सन्देश दिँदै सभापति थापाले भदौ २४ गते आफ्नो घरसमेत जलेको स्मरण गरे । थापाले उक्त दिनको आफ्नो व्यक्तिगत पीडाभन्दा घटनामा ज्यान गुमाएका र घाइते भएका युवाको पीडा ठूलो रहेको बताए ।

उनले भदौ २३ गते शान्तिपूर्ण आन्दोलनमाथि भएको राज्य दमन र आन्दोलनमा घुसपैठ गरी हिंसा भड्काउनेहरूको पहिचान गर्नुपर्ने बताए । त्यस्तै, भदौ २४ गते सिंहदरबार, अदालतलगायत सार्वजनिक संरचनामा भएको ध्वंसबारे पनि निष्पक्ष अनुसन्धान आवश्यक रहेको उनको भनाइ छ । 'आवेगमा व्यक्त भएको प्रतिक्रियाले माफी पाउनुपर्छ । तर जसले आवेगलाई प्रयोग गरेर अपराध गरेको छ, उसले माफी पाउनु हुँदैन । उसले दण्ड पाउनुपर्छ ।'- थापाले भने । सरकारले भदौ २४ गतेको घटनाको निष्पक्ष अनुसन्धान गर्ने प्रतिबद्धता जनाएको स्मरण गर्दै उनले अनुसन्धान कहाँ पुगेको भन्ने प्रश्न गरेका छन् । भदौ २३ गतेको घटनासम्बन्धी अध्ययनको पूर्ण प्रतिवेदन सार्वजनिक गर्न पनि उनले माग गरे ।

थापाले भदौ २३ मा दमन गर्ने, हिंसा भड्काउने तथा भदौ २४ मा अपराध गर्ने सबैलाई कानुनी कारबाही गर्नुपर्ने बताए । 'अनि मात्रै राज्य जवाफदेही राज्य बन्ने बाटोमा अगाडि बढ्न सक्छ ।'- उनले भने ।

## भदौ २४ गते कालो दिन : ओली



बुटवल । नेकपा एमालेका अध्यक्ष केपी ओलीले गत भदौ २४ गतेको विध्वंसले देश कम्तीमा २५ वर्षभन्दा धेरै पछि परेको बताएका छन् ।

बालकोटस्थित जलाइएको घरमा पुगेका ओलीले सञ्चारकर्मीहरूसँग कुरा गर्दै भदौ २४ गते देशका लागि कालो दिन भएको बताए ।

उनले भने-'देश २५ वर्षभन्दा धेरै पछि परेको छ, अहिले रमाउनेहरू कम्तीमा २५ वर्षभन्दा पछाडि परेका छन् । त्यो कुरा पछि भोग्दै जाँदा थाहा पाउँछन्, अहिले रमाउनेहरूले पनि ।'

हिजो गृहमन्त्री सुधन गुरुङले पुराना दलका नेताहरूलाई सुध्रिन चेतावनी दिएका थिए । उनले हामीले उहाँहरूको प्रशंसा गर्नुपर्ने ? भन्दै प्रतिप्रश्न गरे ।

'पहिले हेलिकप्टर चढेर भागेका थियौं, अहिले त्यो पनि हाम्रै हातमा छ । चढिहाल्यौ भने पनि जाक्दिन्छौं भन्नुभएको छ । त्यही होइन र भन्या ?' ओलीले व्यङ्ग्य गर्दै भने- 'यस्ता केटाकेटीहरू धेरै आए, धेरै गए ।'

## लुम्बिनीका सभामुखको निर्णय अवैधानिक : जसपा



बुटवल । जसपा नेपालका महासचिव डा. सुरेन्द्र झाले लुम्बिनी प्रदेशका सभामुख तुलाराम घर्तीले गरेको निर्णय अवैधानिक भन्दै कानूनी उपचारमा जाने बताएका छन् ।  बुधबार लुम्बिनी प्रदेशसभा सचिवालयले जनता समाजवादी पार्टी, नेपालकी प्रदेशसभा सदस्य अम्बिका काफ्लेको दल त्यागसम्बन्धी सूचना प्रकाशन गरेको थियो । प्रदेशसभा अधिवेशन चालु नरहेको अवस्थामा सभामुखको निर्देशनअनुसार  राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ३५ को उपदफा (२) तथा लुम्बिनी प्रदेश सभा नियमावली, २०७९ को नियम १९६ बमोजिम दल त्यागसम्बन्धी सूचना प्रकाशन गरिएको हो ।

महासचिव झाले पार्टीले साधारण सदस्य समेत नरहने गरी पार्टीबाट निश्कासन गरेका व्यक्तिहरुको सिफारिशका आधारमा पार्टीको निर्णयको पक्षमा रहेकी सांसदलाई पदमुक्त गर्नु अवैधानिक भएको बताए । 'सभामुखले अवैधानिक निर्णय गर्नुभएको छ, उहाँले तटस्थ, निष्पक्ष, साझा र अभिभावकको भूमिका निभाउनुपर्नेमा एमाले-माओवादी गठबन्धनको सरकार जोगाउने काम गर्नुभएको छ,' महासचिव झाले भने-'सभामुखको यो कदम निन्दनीय छ, यसविरुद्ध पार्टी तुरुन्तै कानूनी लडाइमा जान्छ र न्याय पाउंछ ।'

सभामुखको यस्तो पक्षपात निर्णयले प्रदेश सरकारले दुर्दशा भोग्नुपर्ने चेतावनी दिए ।  जसपा नेपाल लुम्बिनी प्रदेशसभा संसदीय दलको निर्णय र सिफारिसका आधारमा काफ्लेलाई सभामुखले प्रदेशसभा सदस्य पदबाट निष्काशन गर्ने निर्णय गरेका थिए । प्रदेशसभा सचिव दुर्लभकुमार पुन मगरले जारी गरेको सूचनामा काफ्लेको दल त्यागसम्बन्धी विवरण सार्वजनिक गरिएको उल्लेख छ । सूचनामा पार्टीले प्रदेशसभा सदस्य पदबाट निष्काशन गरेको जानकारीलाई कानुनी प्रक्रियाअनुसार सचिवालयले प्रकाशन गरेको जनाइएको छ ।

काफ्लेलाई मुख्यमन्त्री चेतनारायण आचार्यले प्रदेश सभाबाट विश्वासको मत लिने क्रममा पार्टीले जारी गरेको ह्वीपसँग सम्बन्धित विषयमा पार्टी तथा संसदीय दलको निर्णयविपरीत कार्य गरेको आरोपमा कारबाही गरिएको हो । काफ्ले पार्टीको संस्थापन पक्षमा उभिएकी छिन् । पार्टी केन्द्रले प्रदेशसभाका चार सांसदहरु सन्तोष पाण्डे, भण्डारी लाल अहिर, आदेश अग्रवाल र हेमा बेल्बासे केसीलाई पार्टीको साधारण सदस्य समेत नरहने गरी पार्टीबाट निष्कासन गरेको पत्र प्रदेशसभा सचिवालयमा यस अघि नै पठाइसकेको थियो । काफ्ले जसपा संसदीय दल प्रदेश सभामा दर्ता नै नभएकाले सभामुखको निर्णय अवैधानिक भएकोले पार्टी केन्द्रले कानूनी लडाई लड्ने बताइन् ।

तर उक्त पत्र अनुसार चार जना सांसदको पद मुक्त बारे जानकारी नगराई पार्टी संस्थापन पक्षमा उभिएकी सांसदलाई कारबाही गर्ने सभामुख तुलाराम घर्तीको निर्णय विवादित बनेको छ ।




## सम्पादकीय

# जलवायु न्यायको बहस

संयुक्त राष्ट्रसङ्घको ८१औँ महासभाको उच्चस्तरीय सप्ताह सेप्टेम्बर १८ देखि २८, २०२६ सम्म न्युयोर्कमा हुँदैछ। यो महासभा नेपालका लागि यसकारण महत्वपूर्ण छ कि सेप्टेम्बर २३ मा जलवायु कार्य र न्यायपूर्ण सङ्क्रमणसम्बन्धी उच्चस्तरीय बैठकसमेत तय गरिएको छ। भोटेकोसी बाढीबाट अकल्पनीय विनाश व्यहोरेको नेपालका लागि विषयवस्तु उठाउने राम्रो अवसर हो।

अहिले जलवायु न्यायको बहस चर्केको छ। यो बहसलाई सही दिशामा अघि बढाएर सिंगो विश्वलाई नेपालको पक्षमा उभ्याउने अवसरबाट नेपाल चुक्नुहुन्न। जलवायु परिवर्तनकै कारण हिमाली क्षेत्रले विनाश व्यहोर्दैछ। यो विनाशबाट नेपालले प्रत्यक्ष असर व्यहोर्दैछ। जलवायु जोखिमको दृष्टिले नेपाल विश्वकै चौथो अति संवेदनशील मुलुक हो। तर विश्वव्यापी कार्बन उत्सर्जनमा नेपालको भूमिका ०.१ प्रतिशतभन्दा पनि कम छ। यस अर्थमा क्षतिपूर्ति र जलवायु न्यायका लागि नेपालसँग विश्वकै सबैभन्दा बलियो आधार छ।

जलवायु परिवर्तनको कारण र परिणामको विषय अब नेपालको मात्रै मुद्दा रहेन्। अरु कसैले गरेको गल्तीका कारण हामीले प्रत्यक्ष समस्या भोग्दैछौं। तर अप्रत्यक्ष असर विश्वले व्यहोर्ने छ। पहिले यो महासभामा प्रधानमन्त्री नजाने तय भएको थियो। रसुवा बाढीबाट प्रधानमन्त्री महासभामा भाग लिन जाँदै छन्। जलवायु न्यायको मुद्दा विश्वका राष्ट्र प्रमुखहरु सामु जोडदार रुपमा राख्ने अवसरलाई प्रधानमन्त्री तयारीका साथ जानु पर्छ। यो केवल भाषण गर्ने र कुटनीतिक शिष्टाचार पूरा गर्ने माध्यम होइन्, नेपालको समस्या विश्वलाई जोडदार सुनाउनका लागि नेतृत्वका लागि राम्रो अवसर हो। जलवायु परिवर्तनले पारेको असरबारे पहिले महासभामा जाने प्रधानमन्त्रीले उठाएकै हुन्, तर अहिले जुन घटना भयो, हामीले क्षति व्यहोऱ्यौं, त्यो क्षति सुनाउने र सुन्ने राम्रो माध्यम हो।

नेपालले आफ्नो राष्ट्रिय जलवायु कार्ययोजना २०३५ मार्फत् सन् २०५० सम्मका जलवायु रणनीति कार्यान्वयनका लागि ५० अर्ब अमेरिकी डलरको बजेट माग गरेको छ। तर, प्रशासनिक ढिलासुस्ती, पूर्वाधार र आयोजना तयारीको अभावका कारण ग्रीन क्लाइमेट फन्डजस्ता निकायबाट उपलब्ध स्वीकृत रकमसमेत नेपालले समयमै खर्च गर्न सकिरहेको छैन। अन्तर्राष्ट्रिय सहयोग पर्याप्त आउनु पर्छ नै, आएको रकम खर्च गर्न नसक्ने समस्याबाट मुक्त हुनुपर्छ। प्रधानमन्त्री बालेन्द्र साहले महासभालाई नेपालको पक्षमा माहोल बन्ने गरी उपयोग गर्न सकुन्। नेपालका लागि यो अपूर्व अवसरलाई दर्विलो बनाउन तयारीसहित प्रधानमन्त्रीको भ्रमण हुनुपर्छ।

# सेयर बजार १५.४३ अंकले घट्यो



काठमाडौं। बुधबार सेयर बजारका सबै सूचक घटेका छन्। बजार परिसूचक नेप्से १५.४३ अंक घटेको छ। कारोबारपछि नेप्से २५४५ अंकमा कायम भएको छ। अघिल्ला लगातार चार दिन बढेको बजार घटेको हो।

कारोबार रकम सामान्य बढेको छ। अघिल्लो दिन ३ अर्ब ८३ करोडको कारोबार भएकोमा ४ अर्ब १९ करोडको भयो। ७४ कम्पनीको मूल्य बढ्दा १९२ को घट्यो भने ११ को स्थिर रह्यो। विकास बैंक समूह सबैभन्दा धेरै २.३७ प्रतिशत घट्यो।

त्यस्तै बैंकिङ ०.१६, फाइनान्स १.०८, होटल तथा पर्यटन १.३८, जलविद्युत् ०.४९, लगानी ०.८२, जीवन बिमा ०.२०, उत्पादन तथा प्रशोधन ०.२८, माइक्रोफाइनान्स ०.२५, निर्जीवन बिमा १.५७, अन्य ०.५२ र व्यापार समूह १.५६ प्रतिशत घटे।

अपर लोहोरेखोला हाइड्रोपावरको मूल्य सबैभन्दा धेरै १५ प्रतिशत बढ्यो। त्यस्तै शुभम् पावरको ६.४०, बाराही हाइड्रोपावरको ५.७९, इङ्वा हाइड्रोपावरको ३.६६ प्रतिशत मूल्य बढ्यो।

इमर्जिङ नेपाल, सिन्धु विकास बैंक तथा जानकी फाइनान्सको मूल्य १५ प्रतिशत घट्यो। सिन्धु र जानकीलाई मुक्तिनाथ विकास बैंकले एक्विजिसन गर्ने समझदारी भएयता मूल्य घटिरहेको छ।

कालिन्चोक दर्शनको १४.२८, उपकार लघुवित्तको १२.०४, मुक्तिनाथ विकास बैंकको ७.९८, त्रिशूली जलविद्युत्को ७.६०, सप्तकोशी विकास बैंकको ७.३३, नेपाल फाइनान्सको ६.४४, मैलुङ्खोला जलविद्युत्को ६.३२ प्रतिशत मूल्य घट्यो।

धेरै कारोबार भएका कम्पनीमा रिलायन्स स्पिनिङ मिल्स, सेन्ट्रल फाइनान्स, एनआरएन इन्फ्रास्ट्रक्चर, सोलु हाइड्रोपावर, शिवम् सिमेन्ट, सानिमा मिडिल तमोर, इमर्जिङ नेपाल छन्।

# विपद् व्यवस्थापनमा अत्यावश्यक मनोसामाजिक परामर्श



डा.नम्रता पाण्डे

विपदबाट प्रभावित बालबालिकालाई प्रेम र सुरक्षा, युवालाई जिम्मेवारी र अवसर, ज्येष्ठ नागरिकलाई सम्मान र आदर, तथा अपाङ्गता भएका व्यक्तिहरूलाई समान अधिकार र पहुँच दिन सकियो भने मात्र हाम्रो पुनरुत्थान समावेशी र दिगो हुन सक्छ। तसर्थ, आगामी दिनमा बन्ने विपद व्यवस्थापनका नीति, योजना र बजेटमा भौतिक राहतजत्तिकै मनोसामाजिक परामर्शलाई पनि अभिन्न र अनिवार्य अङ्गका रूपमा एकीकृत गरिनु आजको मुख्य आवश्यकता हो।

भूकम्प, बाढी, पहिरो, हिमपहिरो वा महामारी जस्ता प्राकृतिक तथा मानवसिर्जित विपदले मानव जीवनमा अपूर्णीय क्षति पुऱ्याउँछन्। विपद आउनासाथ हाम्रो ध्यान भौतिक क्षति, जस्तै-भत्किएका घर, सडक, पुलपुलेसा र खाद्यान्नको अभावतर्फ मात्र तुरुन्तै मोडिन्छ। राहत र उद्धारका क्रममा त्रिपाल, चामल, चाउचाउ, र ओढ्ने-ढाक्ने सामान बाँड्न सरकारी तथा गैरसरकारी निकायहरूबीच होडबाजी नै चल्छ।

तर, यस भौतिक क्षतिको ओझेलमा एउटा यस्तो गहिरो घाउ छिपिरहेको हुन्छ, जुन एक्सरेमा देखिँदैन, र त्यो हो-भत्किएको मन र मानसिक आघात। विपदले मानिसको केवल घर-सम्पत्ति मात्र खोस्दैन, यसले उसको वर्षौंदेखिको पहिचान, सुरक्षाको अनुभूति, आफन्त र भविष्यको भरोसा समेत एकैछिनमा छिन्नभिन्न पारिदिन्छ।

शारीरिक चोट वा भाँचिएको हातखुट्टासमयक्रममा जोडिन सक्छ, तर मनमा लागेको अदृश्य घाउलाई समयमै सम्बोधन गरिएन भने यसले व्यक्ति, परिवार र सिङ्गो समाजलाई नै दीर्घकालीन रूपमा थलामा पार्न सक्छ। त्यसैले, विपद व्यवस्थापनमा मनोवैज्ञानिक प्राथमिक उपचार र मनोसामाजिक परामर्श कुनै थप वा ऐच्छिक विषय नभई जीवन बचाउने प्राथमिक सेवा हुन्।

**विपदपछि मनोसामाजिक परामर्श किन आवश्यक छ ?**

विपदको अचानक सामना गर्दा मानिसको स्नायु प्रणाली र मानसिक सन्तुलनमा तीव्र दबाब पर्छ। मानिसहरू स्तब्ध, अत्यधिक भय, शोक, र असहायताको अवस्थामा पुग्छन्। यस्तो अवस्थामा मनोसामाजिक परामर्शको आवश्यकता निम्न कारणहरूका लागि मानिन्छः

आघात र स्तब्धता कम गर्नः विपदको लगत्तै मानिसमा देखिने अत्यधिक डर, छटपटी र शून्यपनलाई घटाएर मानसिक रूपमा स्थिर बनाउन परामर्शले मद्दत गर्छ।

गम्भीर मानसिक रोगबाट जोगाउनः भनिन्छ विपदको ४ हप्तासम्म पनि मानसिक तनाव सम्बोधन भएन भने त्यसले डिप्रेसन, एन्जाइटी, र विशेष गरी आघातपछिको तनावको रूप लिन्छ। समयमै परामर्श पाउँदा यी जटिलताहरू रोकिन्छन्।

सामाजिक सम्बन्ध र एकताको पुनर्स्थापनाः विपदले समाजको परम्परागत संरचना र सहयोगको सञ्जाल तोडिदिन्छ। परामर्शले मानिसहरूमा एक-अर्कालाई सहयोग गर्ने, सहकार्य गर्ने र सामाजिक सम्बन्ध पुनर्स्थापित गर्ने वातावरण बनाउँछ।

आन्तरिक सामर्थ्यको पुनर्जागरणः मानिसभित्रै रहेको संकटसँग जुध्ने क्षमता र शक्तिलाई उजागर गरी उनीहरूलाई आफ्नै खुट्टामा उभिन र पुनरुत्थानमा लाग्न उत्प्रेरित गर्छ।

**लक्षित वर्ग अनुसार मनोसामाजिक असर र विशेष रणनीति**

विपदपछि डर, तनाव, शोक, असुरक्षा, एक्लोपन र भविष्यप्रतिको चिन्ता जस्ता मनोसामाजिक असर देखिन सक्छन्। त्यसैले लक्षित वर्गको आवश्यकता र अवस्थाअनुसार सुरक्षित संवाद, मनोसामाजिक प्राथमिक सहायता, परिवार तथा समुदायमा आधारित सहयोग र आवश्यकताअनुसार विशेषज्ञ सेवामा रेफरल सुनिश्चित गर्नुपर्छ। विशेषगरी बालबालिका, महिला, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको आवाज, गरिमा र निर्णय प्रक्रियामा सहभागितालाई प्राथमिकता दिइनुपर्छ।

समावेशी, अधिकारमा आधारित र स्थानीय समुदायको सहभागितामा सञ्चालन हुने मनोसामाजिक सहयोगले विपद्पछिको पुनःस्थापना र सामाजिक लचकता मजबुत बनाउन महत्वपूर्ण भूमिका खेल्छ। विपदको प्रभाव समाजका सबै वर्गमा एकैनास हुँदैन। समाजमा विद्यमान लैङ्गिक, उमेरगत र क्षमताका असमानताका कारण बालबालिका, युवा, ज्येष्ठ नागरिक, र अपाङ्गता भएका व्यक्तिहरू सबैभन्दा बढी जोखिममा पर्छन्। त्यसैले मनोसामाजिक परामर्श दिँदा "कोही पनि नछुटोस्" भन्ने सिद्धान्त अपनाउनु पर्छ।

**बालबालिकाको सुरक्षा**

विपद केवल भौतिक संरचनाको विनाश मात्र होइन, यसले बालबालिकाको कोमल मनमा गहिरो अदृश्य चोट पुऱ्याउँछ। ठूला मानिसले आफ्नो पीडा व्यक्त गर्न सक्छन्, तर बालबालिकाले कि त व्यवहारबाट देखाउँछन् कि त मनभित्रै गुम्स्याउँछन्। त्यसैले यस्तो समयमा उनीहरूलाई गरिने 'मनोवैज्ञानिक प्राथमिक उपचार' अत्यन्त महत्वपूर्ण हुन्छ। बालबालिकाहरू आफ्ना भावना र डरलाई वयस्क जस्तै शब्दमा व्यक्त गर्न सक्दैनन्। उनीहरूका आघात व्यवहार र शारीरिक लक्षणमार्फत प्रकट हुन्छन्।

विपदको डरलाग्दो घटना आँखा अगाडी देखेपछि उनीहरूमा विभिन्न असर देखिन सक्छन्। जस्तै- ओछ्यानमा पिशाब गर्नु, अभिभावकलाई छोड्नै नमान्नु, अकारण रुनु, डरलाग्दो सपना देख्नु, र एकोहोरो टोलाउनु। यस्तो अवस्थामा बालबालिकाका लागि सबैभन्दा ठूलो औषधि भनेको सुरक्षाको अनुभूति र प्रेम दर्शाउनु हो। उनीहरूलाई "अब तिमी सुरक्षित छौ" भनेर अँगालो हाल्ने, उनीहरूसँग सरल र साँचो कुरा गर्ने, र रुन वा डर व्यक्त गर्न दिने वातावरण बनाउनुपर्छ। खेलकुद, चित्रकला र कथाका माध्यमबाट उनीहरूको मनको डर बाहिर ल्याउने र अस्थायी बालमैत्री स्थान सञ्चालन गर्नु प्रभावकारी हुन्छ।

**युवालाई जिम्मेवारी, नेतृत्व र भविष्यको पुनर्योजना**

विपदपछि युवा वर्गमा भविष्यको अनिश्चितता, रोजगारीको क्षति र परिवार पाल्ने दबाबका कारण अत्यधिक आक्रोश, निराशा र चिन्ता देखिन्छ। अत्यधिक रिसाउनु, विद्रोही व्यवहार, टोलाउनु, र तनाव कम गर्ने बहानामा मदिरा वा लागूऔषधको कुलतमा फस्ने जोखिम पनि हुन सक्छ। त्यसैले युवाहरूलाई दया वा सहानुभूति होइन, जिम्मेवारी र नेतृत्व चाहिन्छ। उनीहरूलाई राहत वितरण, शिविर व्यवस्थापन र बालबालिका तथा ज्येष्ठ नागरिकको हेरचाहमा स्वयंसेवकका रूपमा परिचालन गर्नुपर्छ। यसले उनीहरूलाई "हामी प्रभावित व्यक्ति हौँ" भन्ने हीनभावनाबाट निकालेर "हामी समाज पुनर्निर्माणका संवाहक हौँ" भन्ने आत्मबल दिन्छ। साथै, उनीहरूलाई सकारात्मक साथीभाइको सञ्जाल मा जोड्नुपर्छ।

**ज्येष्ठ नागरिकलाई सम्मान, आदर र जीवन-अनुभवको कदर**

ज्येष्ठ नागरिकहरूले जीवनभरको कमाइ, घर-सम्पत्ति, स्मृति र सामाजिक पहिचान गुमाउँदा अथाह निराशा र एक्लोपन महसुस गर्छन्। यस्तो अवस्थामा उनीहरूमा आउने परिवर्तन भनेको मौन बस्नु, खाना खान छाड्नु, "अब मेरो जीवन सकियो" भन्ने निराशाजनक सोच आउनु, र पुराना कुरा मात्र सम्झिएर बस्नु। त्यसैले मनोपरामर्श मार्फत ज्येष्ठ नागरिकहरूसँग व्यवहार गर्दा उनीहरूको सम्मान र आदर मुख्य आधार हुनुपर्छ। उनीहरूले नियमित रूपमा खाइरहेका औषधि र सहयोगी सामग्री पाएका छन् कि छैनन् सुनिश्चित गर्नु नै पहिलो परामर्श हो। उनीहरूका कुरालाई आदरपूर्वक सुन्ने, उनीहरूले विगतमा सामना गरेका संकट र सफलताको प्रशंसा गर्ने, र उनीहरूको ज्ञान तथा अनुभवलाई समुदायको मार्गदर्शनका रूपमा प्रयोग गर्दा उनीहरूमा आत्मबल फर्कन्छ।

**अपाङ्गता भएका व्यक्तिहरूको अधिकार, पहुँच र समान सहभागिता**

विपदको समयमा अपाङ्गता भएका व्यक्तिहरू प्रायः राहत शिविर र परामर्श सेवा दुवैबाट छुट्ने वा उपेक्षामा पर्ने ठूलो जोखिम हुन्छ। त्यसले गर्दा उनीहरूमा अत्यधिक असुरक्षाको भावना, सहयोगी गुमाउँदाको त्रास, र आफूलाई बोझ महसुस हुन सक्दछ। त्यसैले मनोपरामर्श मार्फत दया र सहानुभूति होइन, समान अधिकार र पहुँचलाई ध्यानमा राख्दै, राहत र परामर्श केन्द्रहरू भौतिक रूपमा ह्विलचेयर जान सक्ने बनाइनुपर्छ। भत्किएका वा हराएका साहायक सामग्री (ह्विलचेयर, सेतो लठ्ठी, कान सुन्ने यन्त्र) तुरुन्त उपलब्ध गराउनु नै उनीहरूका लागि पहिलो मनोसामाजिक सहयोग हो। अवस्था हेरी विभिन्न कार्यमा सहजीकरण गरिदिनुपर्ने हुन्छ।

**एकीकृत र चरणबद्ध मनोसामाजिक परामर्श प्रक्रिया**

विपदबाट प्रभावित जुनसुकै वर्गका व्यक्ति हुन्, उनीहरूलाई परामर्श दिँदा वैज्ञानिक, समावेशी र चरणबद्ध प्रक्रिया अपनाउनुपर्छ। यसलाई मुख्य रूपमा निम्न चरणमा व्यवस्थित गर्न सकिन्छः

पहिलो चरणः सुरक्षित वातावरण र प्राथमिक आवश्यकता पहिचान

प्रभावित व्यक्तिलाई सुरक्षित, सम्मानजनक र विश्वासिलो वातावरण प्रदान गर्दै तत्काल आवश्यकताहरू तथा मनोसामाजिक अवस्थाको पहिचान गर्ने।

दोस्रो चरणः मनोसामाजिक प्राथमिक सहायता

डर, तनाव, शोक, असुरक्षा र भावनात्मक आघात कम गर्न सक्रिय रूपमा सुन्ने, भावनात्मक सहयोग गर्ने र आवश्यक सूचना तथा सेवासँग जोड्ने।

तेस्रो चरणः निरन्तर सहयोग र पारिवारिक/सामुदायिक सहकार्य-परिवार, समुदाय तथा स्थानीय संस्थाको सहभागितामा प्रभावित व्यक्तिलाई निरन्तर भावनात्मक तथा सामाजिक सहयोग उपलब्ध गराउने।

चौथो चरणः विशेषज्ञ सेवा र रेफरल

गम्भीर मनोसामाजिक समस्या, लामो समयसम्म रहने आघात वा आत्महानिको जोखिम देखिएका व्यक्तिलाई समयमै मनोविद्, मनोपरामर्शदाता वा मानसिक स्वास्थ्य विशेषज्ञकहाँ रेफर गर्ने।

**समुदायमा आधारित कार्यान्वयन र क्षमता हस्तान्तरण**

नेपालजस्तो सीमित स्रोत-साधन भएको देशमा विपदको समयमा हरेक गाउँ र बस्तीमा विशेषज्ञ मनोविद् वा काउन्सिलर पुऱ्याउन कठिन हुन्छ। साथै, मानसिक स्वास्थ्य र परामर्शप्रति विद्यमान सामाजिक लाञ्छनाका कारण धेरै प्रभावित व्यक्तिहरूले समयमै सहयोग खोज्न नसक्ने अवस्था पनि देखिन्छ। यी चुनौतीलाई सम्बोधन गर्न समुदायमा आधारित क्षमता हस्तान्तरण को मोडल प्रभावकारी हुन सक्छ।

स्थानीय तहमा रहेका महिला स्वास्थ्य स्वयंसेविका, शिक्षक, आमा समूहका अगुवा तथा युवा क्लबका प्रतिनिधिहरूलाई २-३ दिनको मनोवैज्ञानिक प्राथमिक सहायता सम्बन्धी व्यावहारिक तालिम प्रदान गर्न सकिन्छ। यसबाट उनीहरूले प्रारम्भिक मनोसामाजिक सहयोग, जोखिम पहिचान र आवश्यक रेफरल गर्न सक्षम हुन्छन्। यस प्रणालीमा "स्थानीय सहयोग-समयमै पहिचान-आवश्यकताअनुसार रेफरल" को स्पष्ट संयन्त्र विकास गर्नुपर्छ। यसले सीमित विशेषज्ञ जनशक्तिको अधिकतम उपयोग गर्दै विपदपछिको मनोसामाजिक सहयोगलाई गाउँ-समुदायको तहसम्म पुऱ्याउन र दीर्घकालीन मानसिक स्वास्थ्य सेवासँग जोड्न सहयोग गर्छ।

समग्रमा भन्नुपर्दा, विपदले सिर्जना गरेको भौतिक पुनर्निर्माणको काम गारो, सिमेन्ट र बजेटले हुन सक्छ, तर समाजको मानसिक पुनर्निर्माण मानिसको मनको घाउमा पोखिने सहानुभूति, सम्मान र मनोसामाजिक परामर्शले मात्र सम्भव छ।

विपदबाट प्रभावित बालबालिकालाई प्रेम र सुरक्षा, युवालाई जिम्मेवारी र अवसर, ज्येष्ठ नागरिकलाई सम्मान र आदर, तथा अपाङ्गता भएका व्यक्तिहरूलाई समान अधिकार र पहुँच दिन सकियो भने मात्र हाम्रो पुनरुत्थान समावेशी र दिगो हुन सक्छ। तसर्थ, आगामी दिनमा बन्ने विपद व्यवस्थापनका नीति, योजना र बजेटमा भौतिक राहतजत्तिकै मनोसामाजिक परामर्शलाई पनि अभिन्न र अनिवार्य अङ्गका रूपमा एकीकृत गरिनु आजको मुख्य आवश्यकता हो।

राजधानीबाट

# मधुमेह भएका व्यक्तिले पिउन मिल्छ दूध ?

काठमाडौँ। मधुमेह भएपछि दूध खान हुन्छ ? कि यसको सेवनले रगतमा चिनीको मात्रा बढ्छ ? यो प्रश्न अधिकांश बिरामीको मनमा हुन्छ। विशेषज्ञहरूले चाहिँ मधुमेह भएका व्यक्तिले दूध पिउन सक्ने भन्छन्। तर यसको मात्रा, प्रकार र त्यसमा थपिने चिनीमा भने ध्यान दिनुपर्छ।

दूधमा पाइने प्राकृतिक चिनी अर्थात् ल्याक्टोजका कारण केही मान्छेले यसलाई खाँदै खाँदैनन्। अनि केहीले भने मात्रा र समयलाई विचार गरेर दूधको सेवन गर्छन्।

दूधमा प्राकृतिक कार्बोहाइड्रेट लैक्टोज हुन्छ, जुन शरीरमा ग्लुकोजमा परिणत हुन्छ। त्यसैले दूध पिएपछि रगतमा चिनीको मात्रा केही बढ्न सक्छ। तर दूधमा प्रोटिनलगायत अन्य पोषक तत्त्व पनि हुने भएकाले सन्तुलित मात्रामा सेवन गर्दा यसलाई डायबिटिज भएका व्यक्तिको खानाको हिस्सा बनाउन सकिन्छ।

समस्या दूधका कारण भन्दा पनि यसमा मिसाइने चिनी, फ्लेभर, मिल्कशेक र गुलिया डेरी प्रडक्टका कारण हुन्छ। यसमा चिनीको अतिरिक्त मात्रा निकै धेरै हुन सक्छ र नियमित सेवनले रगतमा चिनीको मात्रालाई पनि प्रभावित गर्न सक्छ।

**मधुमेहका बिरामी कति दूध पिउन मिल्छ ?**

सामान्यतः एक स्वस्थ वयस्कले पिउन सक्ने दूधको मात्रा यसको सम्पूर्ण आहार, क्यालोरीको आवश्यकता र अन्य डेरी प्रडक्टको सेवनमा भर पर्छ। मधुमेहका बिरामीले पनि दूधको मात्रा व्यक्तिगत आवश्यकताअनुसार तय गर्नु पर्छ। सामान्य रुपमा एक पटकमा चिनी नहालिएको करिब १५०-२०० मिलिलिटर दूध पिउन सकिन्छ। तर सबै व्यक्तिका लागि एउटै मात्रा उपयुक्त हुँदैन। औषधि, रक्तचिनीको स्तर, तौल, क्यालोरी आवश्यकता र दिनभरको खानामा रहेका अन्य कार्बोहाइड्रेटका आधारमा दूधको मात्रा फरक हुन सक्छ।

यदि दूध चिया वा कफीका रुपमा लिइन्छ भने त्यसमा थप चिनी नहाल्नु नै राम्रो हुन्छ। दूधलाई ओट्स, जाउलो वा अन्य कार्बोहाइड्रेटयुक्त खानासँग लिँदा भने सम्पूर्ण खानाबाट प्राप्त हुने कार्बोहाइड्रेटको मात्रा पनि ध्यान दिनुपर्छ।

**फुल क्रिम कि फ्याट निकालिएको दूध, कुन चाहिँ हो राम्रो ?**

मधुमेहमा दूध छनोट गर्दा चिनी मात्र होइन, त्यसमा रहेको कुल क्यालोरी र चिल्लोको मात्रा पनि हेर्नुपर्छ। तौल बढी भएका, कोलेस्ट्रोल वा मुटुसम्बन्धी समस्या भएका व्यक्तिका लागि लो-फ्याट वा टोन्ड दूध उपयुक्त हुन सक्छ। तर सामान्य तौल भएका व्यक्तिको आवश्यकता फरक हुन सक्छ। त्यसैले हरेक मधुमेहका बिरामीका लागि एउटै प्रकारको दूध सही हुन्छ भन्ने छैन।

**बिहान दूध पिउन किन छ जरूरी ?**

मधुमेह भएका व्यक्तिले दूध पिउने कुनै निश्चित समय छैन। यसलाई बिहानको खाजासँग वा आफ्नो खानाको योजनाअनुसार लिन सकिन्छ। राति दूध पिउँदा मधुमेह बढ्छ भन्ने होइन। दूध पिएपछि आफ्नो रक्तचिनीमा स्पष्ट वृद्धि देखिन्छ भने चाहिँ यसको मात्रा र सेवनको समयबारे चिकित्सक वा डाइटिसियनसँग सल्लाह लिनु उपर्युक्त हुन्छ।

**बच्नुहोस् यी कुराबाट**

दूधमा चिनी, मह वा मीठो फ्लेवर थपेर नपिउनु नै ठीक हुन्छ। बजारमा पाइने फ्लेभर्ड मिल्क, मीठो लस्सी, मिल्कसेक तथा धेरै चिनी भएका डेयरी पेय पदार्थलाई नियमित सेवन गर्नु उचित विकल्प मानिँदैन।

मधुमेह भयो भन्दैमा पूर्ण रूपमा दूधको सेवन बन्द गर्नुपर्दैन। चिनी नथपिएको दूध सीमित मात्रामा सेवन गर्न सकिन्छ। तर दूधले तपाईंको रगतको चिनीको मात्रामा कस्तो असर गर्छ भन्ने कुरा व्यक्तिअनुसार फरक हुन सक्छ। त्यसैले बारम्बार रगतमा चिनीको मात्रा बढिरहेको छ भने ग्लुकोजको निगरानीसँगै चिकित्सक वा दर्तावाला डाइटिसियनको व्यक्तिगत सल्लाह लिनु राम्रो हुन्छ।

# भोटेकोसी बाढीको वितण्डाबाट सिक्नुपर्ने पाठ



**युवराज सत्याल**

नेपालमा बाढीको विनाश हामीले पटक-पटक सुनेका, देखेका र भोगेका छौं । हिमाल र पहाडले ठुलो भूभाग ओगटेको हाम्रो भूगोलमा साँघुरा खोँचहरू हुँदै बग्ने नदीहरू तल्लो भूभागतर्फ झर्दा तिनको बहाब फैलिँदै जान्छ, तर वेग घट्नुको सट्टा साथमा बोकिने ढुंगा, गेग्रान, माटो र रूखका ठुटाहरूले विनाशको दायरा झन् फराकिलो बनाउँछन् । नदीको प्राकृतिक बहाब क्षेत्र साँघुरो पारेर बस्ती, बजार र सडक बनाइएका ठाउँमा बाढी केवल प्राकृतिक विपत्ति रहँदैन, त्यो मानवनिर्मित जोखिमको परिणामसमेत बन्छ ।

**इतिहासले दिएका चेतावनीहरू**

नेपालको बाढी इतिहासमा यस्ता घटनाको लामो शृंखला छ । सन् १९९३ को बागमती बाढीले ब्यारेज र आसपासका संरचनामा ठुलो क्षति पुर्‍यायो । सन् २००८ मा कोसीको तटबन्ध भत्किएपछि नदीले धार परिवर्तन गर्दा एक लाखभन्दा बढी मानिस विस्थापित भए । सन् २०१४ को कर्णाली बाढीले पनि बस्ती, खेतबारी र पूर्वाधारमा ठुलो क्षति पुर्‍यायो । यी घटनाले एउटै कुरा पुष्टि गर्छन्- नदीलाई मोड्न खोजे पनि नदीले आफ्नो बाटो बिर्सँदैन ।

२०७८ साल असारमा मेलम्ची र हेलम्बुमा आएको बाढी र गेग्रान बहाबले दशकौं लगाएर बनेका बस्ती, सडक, पुल र मेलम्ची खानेपानी आयोजनाका संरचनामा ठुलो क्षति पुर्‍यायो, २५ जनाभन्दा बढीको ज्यान गयो र करोडौं डलर बराबरको क्षति भयो । मेलम्चीले छाडेको प्रश्न हो - हामी नदीको जोखिम बुझेर बस्ती र संरचना बनाइरहेका छौं कि नदीकै बाटोमा ? यही प्रश्नको अझ भयावह उत्तर अहिलेको भोटेकोसी बाढीले दिएको छ ।

**भोटेकोसीको ताजा विनाश**

२०८३ भदौ १० गते रसुवाको भोटेकोसीमा आएको अचानकको भीषण बाढीले टिमुरेबाट स्याफ्रुबेंसी, मैलुङ हुँदै नुवाकोटको बेत्रावती र त्रिशूलीसम्मका बस्ती र संरचनामा ठुलो विनाश मच्चायो । गल्छी-मलेखु-मुग्लिनसम्मको क्षेत्र पनि अछुतो रहेन ।

टिमुरेमा घर, पसल, सवारीसाधन र सामान बगेर सम्पूर्ण स्वाहा भए भने रसुवागढी क्षेत्रका संरचना पनि गम्भीर रूपमा क्षतिग्रस्त भए । स्याफ्रुबेंसीमा घर, होटल, पसल, सडक र प्रहरी चौकीसम्म प्रभावित भए । बाढी बेत्रावती र त्रिशूलीतर्फ बढ्दा घर, सडक, पुल र कृषि भूमि पनि नष्ट भए । यस विनाशकारी बाढीले धेरै अमूल्य मानव जीवनको इहलीला समाप्त गर्‍यो, कैयौंलाई घरबारविहीन र आफन्तबाट बिछोड गरायो, जसको क्षतिपूर्ति कहिल्यै हुन सक्दैन ।

चिन्ताजनक पक्ष के हो भने नदी किनारको तल्लो भूभागमा बाक्लिँदै गएका बस्तीहरू यस्ता आकस्मिक बाढीका लागि अत्यन्त संवेदनशील छन् । नदीको सतहबाट केही सय फिट माथिसम्म समेत बाढी प्रवेश गरेको तथ्य आएका छन्। हिजोसम्म बाक्लो बस्ती रहेका ठाउँ आज भग्नावशेषमा परिणत भएको दृश्यले हाम्रो विकासको ढाँचामाथि नै प्रश्न उठाएको छ ।

**बस्ती बसाल्दा ख्याल गर्नुपर्ने नदीको बाटो**

हामीले विकासका नाममा नदीका किनार, बगर र बाढी फैलिने प्राकृतिक क्षेत्रलाई क्रमशः अतिक्रमण गर्दै आएका छौं । सडक चाहियो, बजार चाहियो, जलविद्युत् आयोजना चाहियो तर यी कहाँ बनाउने, नदीको बहाब क्षेत्र कति हो, सय वा हजार वर्षमा एकपटक आउन सक्ने बाढीको जोखिम कति छ भन्ने प्रश्नलाई योजनाको सुरुवातमै पर्याप्त महत्त्व नदिँदा त्यसको मूल्य निकै महँगो पर्न सक्छ । पहाडी र माथिल्लो तटीय क्षेत्रमा पूर्वाधार र लगानी तीव्र रूपमा बढे पनि तिनलाई प्राकृतिक विपद्बाट जोगाउने संयन्त्र निकै कमजोर छ ।

भोटेकोसी-त्रिशूली बाढीले यही कमजोरी उजागर गरेको छ । नदीको बहाव क्षेत्र साँघुरो पारेर बनाइएका संरचना, किनारमा फैलिएका बजार र जोखिमयुक्त बस्तीहरू केही मिनेटको अत्यधिक बहाबअगाडि कति कमजोर हुन्छन् भन्ने दृश्य टिमुरेदेखि त्रिशूलीसम्म देखियो । यसले प्रस्ट देखाउँछ- सडक, बजार वा जलविद्युत् जस्ता पूर्वाधार निर्माणअघि गरिने वातावरणीय तथा विपद् जोखिम अध्ययनहरू या त पर्याप्त गहिराइका थिएनन्, या भए पनि तिनका सुझाव व्यवहारमा उतारिएनन् । त्यसैले अब प्रश्न 'बाढी आयो भने कसरी उद्धार गर्ने ?' मा मात्र सीमित हुनु हुँदैन । प्रश्न हुनुपर्छ, 'बाढी आउँदा पनि मानवीय क्षति न्यून हुने गरी हामीले जोखिम मूल्यांकनका आधारमै बस्ती र पूर्वाधार बनाएका छौं कि छैनौं ?'

प्राकृतिक विपत्ति पूर्णरूपमा रोक्न सकिँदैन । हिमपहिरो, हिमताल विस्फोट, अत्यधिक वर्षा वा हिमनदीसँग सम्बन्धित घटनाहरू मानव नियन्त्रणभन्दा बाहिर हुन सक्छन् । भोटेकोसी घटनाको वास्तविक कारणबारे थप वैज्ञानिक अध्ययन आवश्यक भए पनि, प्रारम्भिक विश्लेषणले हिमाली क्षेत्रमा भएको हिमचट्टान पतन वा हिमनदीसँग सम्बन्धित घटनाले फ्ल्यास फ्लड निम्त्याएको संकेत गर्छन् । विपत्ति प्राकृतिक भए पनि क्षतिको आकार भने हाम्रो तयारी र योजनामा नै निर्भर हुन्छ ।

अहिले बस्ती बसेका धेरै ठाउँ इतिहासको कुनै न कुनै कालखण्डमा नदी नै बग्ने ठाउँ थिए । नदी क्रमशः गहिरिँदै गएपछि मात्र ती ठाउँमा मानिस बस्न थालेका हुन् । बेत्रावती, त्रिशूलीबजार जस्ता स्थानहरू वास्तवमा नदीले नै बनाएका 'बेसिन' हुन्, जुन कुनै समय बाढीले नै निर्माण गरेका ठाउँ हुन् भन्नेमा दुईमत छैन । त्यस्ता ठाउँ अन्ततः नदीकै हुन् भन्ने कुरा हामीले बुझ्नुपर्छ । दीर्घकालीन रूपमा सुरक्षित बस्ती बसाउने हो भने सरकारले स्पष्ट नीति लिनैपर्छ र आमजनतालाई पनि यस्तो जोखिमबारे सचेत गराउनुपर्छ । नेपालजस्तो हिमाली भूबनोटमा यस्ता घटनाले 'मानवीय बस्ती आखिर कहाँ राख्ने ?' भन्ने ठुलो प्रश्न पनि खडा गरेको छ ।

मेलम्ची, कर्णाली, कोसी र बीपी राजमार्गमा रोसी खोलाले दिएका चेतावनीलाई भोटेकोसी र त्रिशूलीले अझ ठुलो आवाजमा दोहोर्‍याएका छन् । अब नदी किनारका बस्तीको जोखिम नक्सांकन, बाढीको प्राकृतिक बहाब क्षेत्रको संरक्षण, जोखिमयुक्त बस्तीको वैज्ञानिक पुनर्स्थापना, प्रभावकारी पूर्वसूचना प्रणाली र स्थानीयदेखि राष्ट्रिय तहसम्मको विपद् पूर्वतयारी अनिवार्य बन्नुपर्छ ।

सडक, पुल, जलविद्युत् आयोजना र बजार निर्माण गर्दा आजको आवश्यकता मात्र होइन, भोलिको चरम बाढीको सम्भावना पनि गणना गर्नुपर्छ । नदी थुनेर वा मोडेर हामीले केही समयका लागि जमिन पाउन सक्छौं, तर बाढी आएको दिन त्यही नदीले आफ्नो पुरानो बाटो खोज्दै हाम्रो विकासको कमजोरीलाई विनाशमा बदल्न सक्छ ।

**जलवायु परिवर्तनको परिदृश्य, पूर्व चेतावनी र तयारी**

विश्वव्यापी तापक्रम वृद्धि र जलवायु परिवर्तनको प्रभाव सम्पूर्ण हिमाली क्षेत्रमै पर्न थालेको छ, जसको एउटा परिणाम भोटेकोसीको बाढी पनि हुन सक्छ । लाङटाङमा मात्र नभई नेपालका पूर्वी-पश्चिमी भेग र भारततर्फको हिमाली क्षेत्रमा समेत विगतमा मिल्दाजुल्दा घटना देखिइसकेका छन्, जसले यसको मूल कारण जलवायु परिवर्तन नै हो भन्न सघाउँछ ।

तापक्रम वृद्धिका कारण एक्कासी हुने प्रलयकारी बाढीजस्ता विपद् बढिरहेकाले अब कस्तो ठाउँमा बस्ने र कस्तो ठाउँमा नबस्ने भन्नेबारे स्पष्ट र कठोर निर्णय गर्ने समय आइसकेको छ ।

भदौ १० मा रसुवामा आएको विनाशकारी बाढीलाई अकल्पनीय भनेर पन्छिन मिल्ने अवस्था देखिँदैन । सेती, मेलम्ची, रोसी र थामे बाढीदेखि हिमालय क्षेत्रका विभिन्न विपद्ले यस्ता जोखिम बढिरहेको संकेत दिँदै आएका छन् ।

अध्ययनहरूले नेपालका हिमाली तथा पहाडी भूभागको ठुलो हिस्सा हिमपहिरो र हिमताल विस्फोटजन्य बाढीको जोखिममा रहेको देखाएका छन् । इसिमोड र युएनडिपीसहितका अध्ययनले कोसी, गण्डकी र कर्णाली जलाधारका तीन हजार ६ सय २४ हिमतालमध्ये ४७ वटा जोखिमयुक्त रहेको पहिचान गरिसकेका छन् ।

विज्ञहरूले हिमताल, हिमनदी, हिउँ र बरफको निरन्तर निगरानी, जोखिम पहिचान र प्रभावकारी पूर्वसूचना प्रणालीमा जोड दिँदै आए पनि सरकारको तयारी र कार्यान्वयन अझै पर्याप्त हुन सकेको छैन । रसुवा घटनाले हिमताल मात्र होइन, हिमनदी र हिमचट्टानको अवस्थासमेत सूक्ष्म रूपमा अध्ययन गरी बहुजोखिम पूर्वानुमान र पूर्वसूचना प्रणालीलाई प्राथमिकतामा राख्नुपर्ने स्पष्ट सन्देश दिएको छ ।

**अगाडिको बाटो**

अन्ततः प्राकृतिक विपत्तिसँगको हाम्रो लडाइँ नदीसँग होइन, जोखिमसँग हो । हामी प्रकृतिका नियन्त्रक होइनौं, बरु प्रकृतिले दिएको सीमाभित्र रहेर कार्य गर्ने प्राणी हौं भन्ने यथार्थ बुझेरै भौतिक संरचना निर्माण गर्दा हाम्रो कल्याण छ । भौगोलिक जोखिम बुझेर बस्ती बसाल्ने, जोखिमअनुसार पूर्वाधार बनाउने र समयमै पूर्वसूचना तथा उद्धारको व्यवस्था गर्ने हो भने प्राकृतिक विपत्ति पूर्ण रूपमा रोक्न नसके पनि त्यसबाट हुने मानवीय र भौतिक क्षति निश्चय नै घटाउन सकिन्छ ।

भोटेकोसीले यसपटक हामीबाट धेरै कुरा खोसेको छ । अब कम्तीमा यसले दिएको पाठ भने हामीले गुमाउनु हुँदैन । अर्को ठुलो वर्षा आउनुअघि हामीले आफैंलाई सोध्नैपर्छ-'हामीले नदीको बाटो बिर्सेका हौं कि नदीले हाम्रो बाटो सम्झिरहेको छ ?'

---

**गृहमन्त्री ...**

एउटा कानुन पास गर्न पुग्ने संख्या छ । तर प्रतिनिधिसभाबाट राष्ट्रिय सभामा जान्छ,' उनले भनिन्-'राष्ट्रिय सभाबाट पारित भएपछि राष्ट्रपति कहाँ गइसकेपछि बल्ल त्यसले कानुनको रूप लिन्छ ।' अर्थात्, उनले प्रतिनिधिसभाबाट विधेयक पारित गर्न सके पनि राष्ट्रिय सभामा कठिन हुने संकेत गरिन् ।

'मैले यहाँहरूलाई हामीसँग के छ, के छैन भन्दिनँ । प्रतिनिधिसभामा निर्वाचनबाट निर्वाचित तपाईंहरूले छानेका मानिसहरू हुनुहुन्छ । अब अरू ठाउँमा को हुनुहुन्छ ? कसले सहयोग गर्नुभएको छ ? कसले सहयोग गर्नुभएको छैन ? यो तपाईंहरूले मूल्यांकन गरिरहनुभएको होला ।'- उनले भनिन् ।

यहाँनेर उनले थपिन्-'सरकारका अप्ठ्याराहरू पनि तपाईंहरूले हेरिरहनुभएको होला । एक दिन पक्कै आउँछ जहाँ तपाईंहरूले छान्नुभएका नेताहरू ती सबै ठाउँहरूमा हुनु हुनेछ र तपाईंहरूले चाहेको जस्तै कानुन निर्माणको यात्रा सजिलो हुनेछ ।' २७५ सदस्यीय प्रतिनिधिसभामा रास्वपाका मात्रै १८२ जना सांसद् छन् । राष्ट्रिय सभामा रास्वपाको उपस्थिति छैन ।

राष्ट्रिय सभा सदस्यहरू प्रदेशसभा सदस्यहरू र स्थानीय तहका प्रमुख तथा उपप्रमुखको मतदानबाट निर्वाचित हुन्छन् । प्रदेश र स्थानीय तहको निर्वाचनपछि राष्ट्रिय सभामा रास्वपाको उपस्थिति हुने र कानुन बनाउन सहज हुने कानुन मन्त्री गौतमले बताइन् ।

कानुनमन्त्री गौतमले राष्ट्रियसभामा संख्या नहुँदा काम गर्न गाह्रो भयो भनी दाबी गरे पनि राष्ट्रियसभाले उनी तथा सरकारबाट लगिएका कानुनहरु अस्वीकार गरेको भने छैन ।

मन्त्रीहरूले राष्ट्रिय सभाको मानमर्दन गर्दै आपत्तिजनक अभिव्यक्ति दिएको विषयलाई लिएर बुधबार राष्ट्रिय सभाकै बैठकमा प्रश्न उठेको छ । 'कानुन मन्त्रीले झुट बोल्नुभएको छ,' नेकपा सांसद रेणु चन्दले आक्रोशित हुँदै भनिन्-'राष्ट्रिय सभाले कुन विधेयक रोक्यो ? कहाँनेर असहयोग गर्‍यो ? जानकारी दिनुपर्‍यो ।' राष्ट्रिय सभाको बुधबारको बैठकमा बोल्दै उनले यसबारे कानुन मन्त्री गौतमसँग जानकारी माग गरेकी हुन् ।

'कतिवटा बिल (विधेयक) सरकारले पेस गर्‍यो ? हामीले कति रोक्यौं ? कति फिर्ता गर्‍यौं ? सबैको जानकारी दिनुपर्‍यो,' उनले भनिन्-'मन्त्री स्वयंले जनतालाई मिथ्या सूचना दिने कुरा खतरनाक ।' राष्ट्रिय सभालाई मानमर्दन गर्न खोजिएको उनको भनाइ छ । उनले भनेकी छन्-'राष्ट्रिय सभालाई डिफेम गर्न खोज्नुभयो । यो सैह्य छैन । जवाफ चाहियो, कानुन मन्त्रीलाई रुलिङ गर्न म सभाध्यक्षज्यूलाई आग्रह गर्दछु ।' यस्तै सत्तारुढ रास्वपाकै 'कोर क्याम्प' भित्र गृहमन्त्रीको अभिव्यक्तिलाई लिएर असन्तुष्टि देखिएको छ ।

पार्टी सभापति रवि लामिछानेका विश्वासपात्र मानिने संगठन विभाग प्रमुख प्रमोद न्यौपानेले लेखेको स्टाटस चर्चामा छ । उनले फेसबुकमा लेखेका छन् -'श्रव्य- कर्कस,दृश्य- बिझाउने । 'बदल्छौं' भन्नेहरू नै बदलिँदै त छैनौं ?' उनको यो स्टाटस गृहमन्त्री गुरुङले गरेको भाषणमा लक्षित हो । यस्तै रास्वपा संस्थापक समूहकै नेतृ तथा संसदीय दलकी सचेतक क्रान्तिशिखा धितालले पनि परोक्षरूपमा गृहमन्त्रीमाथि प्रश्न उठाएकी छन् ।

गृहमन्त्री गुरुङले पुराना दललाई 'सुध्रिन' चेतावनी दिएको तर्फ ईंगित गर्दै उनी लेख्छिन्- सुध्रिनु अरुले मात्रै पर्ने । हामीले चाहिँ सुध्रिनु नपर्ने ? यही दिन देख्नलाई थियो महान शहीदहरुको बलिदान ? धितालले पोहोर साल आफूहरूले नै प्रेस स्वतन्त्र होस्, सत्ता निरंकुश नबनोस्, जसको जुन स्थान हो, ऊ त्यही स्थानमा बसोस् भनेर सडकमा उत्रिएको स्मरण गरेकी छन् ।

'हामीले राज्यलाई प्रश्न गरेका थियौं, सत्तालाई विनम्र हुन भनेका थियौं,' उनी लेख्छिन्- 'अहिले हामीमाथि प्रश्न गर्नेहरुलाई किन हामी धम्की र चेतावनीको भाषा बोल्दै छौं ? के आज हामी अभिव्यक्ति स्वतन्त्रतालाई बल पुग्ने काम गर्दैछौं ? कि हामी बाँकी अधिकारको पनि तेजोबध गर्न उद्धत छौं ?'

त्यसो त रास्वपाका महामन्त्री विपीन आचार्यको समेत गृहमन्त्रीप्रति लाक्षणिक अभिव्यक्ति आएको छ । उनले फेसबुकमा लेखेका छन्, 'अहङ्कारः विनाशस्य मूलम् । अर्थात्, अहङ्कार नै विनाशको मूल कारण हो ।'

सभापति लामिछाने निकट मात्रै नभएर बालेन निकटमा पनि गृहमन्त्रीप्रति असन्तोष देखा परेको छ । बालेनका विश्वासपात्र सांसद राजु पाण्डेले पनि सामाजिक सञ्जालमा लाक्ष्यणिक स्टाटसमार्फत असन्तुष्टि पोखेका छन् ।

उनले हिजो लेखेका छन्, 'जिम्मेवारीमा पुगिसकेकाले .. जिम्मेवारी खोसिएकालाई गाली गर्नु लाजास्पद हो !'

गृहमन्त्री गुरुङको मंगलबारको शैली पार्टीले दिँदै आएको प्रशिक्षण विपरीत थियो । साथै, पार्टी सभापति रवि लामिछानेले बैठक र सार्वजनिक कार्यक्रममा पार्टी नेताहरूलाई अहंकार नदेखाउन गरिएको आग्रहको विपरीत गृहमन्त्री गुरुङको बोली थियो । अनुभवी पुस्तालाई सम्मान प्रदान गर्न नसकिएको महशुस भइरहेको सभापति लामिछानेले अन्तर्राष्ट्रिय युवा दिवसका दिनमा बताएका थिए ।

पार्टीदेखि सरकारमा युवा पुस्ताको वर्चश्व रहेको बेला सभापति लामिछानेले पाको उमेर समूहका पुस्तालाई अपहेलित नगर्न पार्टी पङ्तिलाई भनिरहेका हुन्छन् । 'पाका भएका मानिसहरुलाई सम्भवतः अपमानित पनि गर्‍यौं । सम्भवतः हामीले अपहेलित पनि गर्‍यौं । अनुभवी पुस्तालाई हामीले सम्मान दिन सकेनौं कि भनेर म आज महशुस गर्नसक्छु,' विगतको व्यवहारप्रति आत्माआलोचित हुँदै लामिछानेले अन्तराष्ट्रिय युवा दिवसकोकार्यक्रममाभनेकाथिए-'तर अब हामीले कसलाई दोष लगाउने होला ? हामीले कसलाई भन्ने होला ? अपमान र अपहेलित त गर्न पाइँदैन । हामी गर्दैनौं पनि ।'

पुरानो पुस्ताका अनुभव रास्वपालाई आवश्यक रहेको सभापति लामिछानेले भनिरहँदा गृहमन्त्री गुरुङले अरुबाट नसिक्ने उद्धोष गरे । के भनेका थिए गृहमन्त्रीले ?

गृहमन्त्री गुरुङले चार पांच जना पत्रकारसहित दलहरुलाई 'सुध्रिन' चेतावनी दिएका थिए । आफूहरू राजनीति सिक्न नभएर सिकाउन आएको उनको अभिव्यक्ति थियो ।

**उद्योगमन्त्रीको...**

समस्या समाधानका लागि सहकार्य गर्नुको सट्टा मन्त्रीले व्यवसायीलाई पाता कस्छु र उद्योगको लाइसेन्स खारेज गर्छु भन्दै गैरजिम्मेवार अभिव्यक्ति दिएकी छिन् । मन्त्रीले शब्द फिर्ता नलिए आन्दोलन गर्ने छौं ।'

विपद् वा अप्ठ्यारो परिस्थितिमा मन्त्रीले व्यवसायीसँग मिलेर काम गर्नु पर्ने बेला उल्टै आरोप र धाकधम्की दिएको भन्दै उनीहरूले निराशा व्यक्त गरेका छन् ।

**आफ्नै पार्टीकी ...**

'मलाई थाहा छैन, त्यो स्टेज किन त्यसरी खडा गरियो ? त्यहाँ भएका धर्मगुरूको अर्थ के थियो?' उनले लेखेकी थिइन्-'त्यो कार्यक्रमले ती परिवारको पीडा कसरी सम्बोधन गर्‍यो, जसले आफ्ना सन्तान गुमाएका छन्, जसका शरीरमा आज पनि आन्दोलनका घाउ छन्, तिनले के बुझे, मलाई थाहा छैन ।'

त्यसै दिनको कार्यक्रममा गृहमन्त्री गुरूङले पत्रकारहरूप्रति पनि आक्रोश व्यक्त गरेका थिए ।

उनले -'तीन-चार जना पत्रकारलाई सुध्रन' चेतावनी दिएका थिए । यद्यपि उनले कसलाई लक्षित गरेको हो भन्ने खुलाएका थिएनन् । कार्यक्रमपछि धितालले गृहमन्त्रीको उक्त अभिव्यक्तिमाथि समेत प्रश्न उठाइन् । 'पोहोर साल हामीले नै होइन प्रेस स्वतन्त्र होस्, सत्ता निरंकुश नबनोस्, जसको जुन स्थान हो, ऊ त्यही स्थानमा बसोस् भनेर सडकमा उत्रिएको?' उनले फेसबुकमा लेखेकी थिइन्, -हामीले राज्यलाई प्रश्न गरेका थियौं। सत्तालाई विनम्र हुन भनेका थियौं ।' उनले प्रश्न गरेकी थिइन्-'अहिले आफूहरूमाथि प्रश्न गर्नेहरूलाई किन धम्की र चेतावनीको भाषा बोलिँदैछ ?' 'त्यो बेलाको सरकारले अभिव्यक्ति स्वतन्त्रता हनन गरेको भनेर सडकमा गएका थियौं हामी । के आज हामी अभिव्यक्ति स्वतन्त्रतालाई बल पुग्ने काम गर्दैछौं?' क्रान्तिशिखाले लेखेकी थिइन् । यही स्ट्याटसपछि जेनजी सांसदहरू रहेको ह्वाट्सएप ग्रुपमा गृहमन्त्री गुरूङ र सचेतक धितालबीच चर्काचर्की भएको हो ।

**'थाहा नभएको कुरा किन बोलेको ?'**

ग्रुपमा गुरूङले धितालालाई मेन्सन गर्दै लेखेका छन्-'क्रान्तिशिखा, थाहा नभएको कुरा किन बोलेको ?' त्यसपछि उनले नयाँ बानेश्वरको कार्यक्रम सहिद तथा घाइते परिवारले आफ्नो तरिकाले आयोजना गरेको दाबी गरेका छन् । तर त्यसपछि गुरूङको भाषा थप आक्रामक हुँदै गएको देखिन्छ । उनी हेपाहा शैलीमा प्रस्तुत भएको देखिन्छ । 'खोला तर्‍यो, लौरो बिर्सने मान्छेहरूका लागि हामीले आन्दोलन गरेको होइन,' उनले लेखेका छन्- 'म यही कुरा सदनमा भन्नेवाला छु । सबैको अगाडि स्ट्याटस लेख्ने मान्छेले सुन्ने हो अब ।'

धितालले आन्दोलनको मर्म नबुझेको आरोप लगाउँदै उनले आन्दोलनमा ज्यान फालेर आएका आफ्ना अन्य सांसदसँग उनको तुलना गरेका छन् । 'न आन्दोलनको मर्म थाहा छ, न आन्दोलनमा ज्यान फालेर हाम्रा अरू सांसदजस्तो आएको छ। बुझ्नु पनि छैन, सोध्नु पनि छैन । प्याच्च पारेर स्ट्याटस लेखेर आफ्नै पार्टी, आफ्नै साथीहरूलाई कमजोर देखाउन खोज्ने ?'- उनले लेखेका छन् ।

गुरूङले यो पनि लेखेका छन्, 'तपाईं पार्टीको कुरा गर्नुहुन्छ । हाम्रोबारेमा बोल्नका लागि हामीलाई तपाईं चाहिँदैन ।'

'गृहमन्त्रीज्यू, तपाईंको तमिज भएन' ग्रुपमा रहेका केही सांसदले उक्त विवादलाई त्यहीँ रोक्न खोजेका देखिन्छन् । सांसद बब्लु गुप्ताले आपसमा झगडा नगर्न आग्रह गरेका छन् । खिमा विश्वकर्माले पनि नयाँ बानेश्वरको कार्यक्रममा सहभागी भएका व्यक्तिहरूबारे प्रश्न उठाएकी छन् ।

ग्रुपमा गृहमन्त्री गुरूङले जेनजीको पक्षमा बोल्दा आफू सधैं एक्लो हुने गरेको बताएका छन् ।

उनले लेखेका छन्-'सदनमा त सबै त्यही जेनजी आन्दोलनले आएको होला नि, एक-एक जना ।' गृहमन्त्री लगातार हेपाहा शैलीमा प्रस्तुत भएपछि क्रान्तिशिखाले पनि कडा जबाफ फर्काएकी छन् । 'गृहमन्त्रीज्यू, तपाईंको तमिज भएन,' उनले लेखेकी छन् । त्यसपछि उनले जेनजी आन्दोलनको स्वामित्व कुनै एक व्यक्तिले लिन नसक्ने भन्दै गुरूङलाई सचेत गराएकी छन् ।

'अपराधीलाई छेउमा राखेर जेनजीको माग पूरा हुन्छ र जेनजीको आन्दोलन तपाईं एक्लैको हो भन्ने लाग्छ भने भ्रमबाट निस्कनुहोस्,' धितालले लेखेकी छन्, 'सि यू इन द पार्लियामेन्ट। आइ फिल पिटी फर यू ।' 'तमिज सिकाउनु पर्दैन मलाई' धितालको उक्त जबाफपछि गुरूङले फेरि प्रतिक्रिया दिएका छन् । 'हेल्लो क्रान्तिशिखा, तमिज सिकाउनु पर्दैन मलाई,' उनले लेखेका छन्, 'आफै बस्नो आइ फिल मोर पिटी फर यू ।' त्यसपछि उनले फेरि 'खोला तरेर लौरो बिर्सने' भन्दै धितालालाई प्रश्न गरेका छन् ।

'कसरी आयौ (संसदमा) नबिर्सौं, हाहा.... के तिमीले हाम्रो साथमा लडेकी हौं ? तिमी कहाँ थियौ ? जेनजीले ६ महिना सरकार चलाउँदा कहाँ थियौ? अहिले पाकेको फल खाएर ठूला कुरा गर्ने ?' उनले लेखेका छन् । पार्टीकै सांसदहरूबिच विवाद चर्किएपछि सांसद सुशान्त वैदिकले दुवै पक्षलाई सम्झाउने प्रयास गरेका छन् ।

'केही कन्फ्युजन भए बसेर सुल्झाऔं,' वैदिकले लेखेका छन्-'सरकार हाम्रो भए पनि सत्ता हाम्रो भइसकेको छैन। न्यायपालिकामा अप्ठ्यारो छ। कसरी जाने भन्ने योजना बनाऔं ।' उनले पार्टीभित्रकै जेनजी सांसदहरूबीच विवाद बढे बाहिरका पीडितलाई न्याय दिन कठिन हुने भन्दै सचेत गराएका छन् । 'पार्टीभित्रकै जेनजी लड्यौं भने बाहिरलाई न्याय कसरी दिने?' उनले लेखेका छन् । तर त्यसपछि पनि गुरूङ रिसाइरहेका सुनिन्छन् ।

'हामीजस्तो लडेर आएको भए पो थाहा हुन्छ यो सरकारको महत्त्व । तमिज सिकाउने रे ... आफै बस्ने तमिजमा, बुझ्यौ ।'- उनले लेखेका छन् । धिताल भन्छिन्- 'व्यक्तिगत रूपमा कुनै समस्या छैन ।'

सेतोपाटीले गृहमन्त्री गुरूङले हप्काएको विषयमा रास्वपा सचेतक धितालसँग प्रतिक्रिया मागेको थियो । उनले ह्वाट्सएपमा भएका मेसेजबारे आफूलाई जानकारी नभएको बताउँदै गृहमन्त्रीसँग व्यक्तिगत रूपमा आफ्नो कुनै समस्या नरहेको बताइन् । 'तपाईंले कुन मेसेज हेर्नुभयो, मलाई थाहा छैन,' धितालले भनिन्-'गृहमन्त्रीसँग मैले व्यक्तिगत कुरा गरेको छु । कुनै समस्या छैन ।'


## बिमा पोलिसी हराएको सूचना

म सुजाता सेन, लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडकी अभिकर्ता, यही मिति २०८३ साल साउन १८ गते तम्घासदेखि बुटवल जाने क्रममा निम्न बीमितहरूको बीमा पोलिसी सम्बन्धी कागजातहरू हराउन गएको हुँदा फेला पार्नुहुने महानुभावहरुले एल.आई.सी. (नेपाल) लिमिटेड, गुल्मी शाखा कार्यालय वा तल उल्लेखित सम्पर्क नम्बरमा सम्पर्क गरी सहयोग गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु ।

श्रीयन्स भट्टराई-पोलिसी नं. : २५०४२३१९४
रामचन्द्र भट्टराई-पोलिसी नं. : २५०४२३१९३
सौरभ श्रेष्ठ -पोलिसी नं. :२५०४२१९१५
ठेगानाः एल.आई.सी. (नेपाल) लिमिटेड, गुल्मी शाखा कार्यालय
सम्पर्क नं.: ०७९-५२०७४८
सूचकः सुजाता सेन एल.आई.सी. (नेपाल) लिमिटेडकी अभिकर्ता

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् ।
लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३



**फलफूलको व्यापार :**
बुटवल उप-महानगरपालिकाको हाटबजारमा फलफूलको व्यापार गर्दै व्यापारी। चाडपर्व नजिकिँदै गर्दा फलफूलको व्यापार बढेको छ।
*तस्विरः डीबी टण्डन(विजय)/दैनिक लुम्बिनी*

# विश्वसनीय आयोग गठन गर : भट्टराई



बुटवल। पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले गत वर्ष भदौ २४ गते जेनजी आन्दोलनका क्रममा भएको राज्यका सर्वोच्च अंगहरूको आगजनी र तोडफोडको घटनाको विस्तृत छानबिन गर्न उच्चस्तरीय र विश्वसनीय आयोग गठनको माग गरेका छन्।

बुधबार सामाजिक सञ्जालमार्फत् आफ्नो धारणा सार्वजनिक गर्दै डा. भट्टराईले भदौ २४ को विध्वंशलाई लोकतान्त्रिक राज्यका सर्वोच्च अंग र ऐतिहासिक अभिलेख नष्ट गर्ने सुनियोजित दुष्प्रयत्नको संज्ञा दिएका छन्।

विश्व इतिहासका ठूला क्रान्ति र राज्यविप्लवको क्रममा पनि यस्ता हर्कत विरलै हुने गरेको भन्दै उनले त्यस्तो कार्यको संरक्षण नगर्नु वा गर्न नदिनु अत्यन्त गम्भीर विषय भएको टिप्पणी गरेका छन्।

भदौ २३ र २४ को घटना छानबिन गर्न गठित पूर्वन्यायाधीश गौरीबहादुर कार्की नेतृत्वको आयोगले २३ गतेको घटनाको विस्तृत प्रतिवेदन दिए पनि २४ गतेको घटनाबारे सामान्य चर्चा मात्रै गरेर 'थप छानबिन गर्नुपर्ने' सुझाव दिएको डा. भट्टराईले स्मरण गराएका छन्।

सुशासन र पारदर्शिताको नारा दिएर दुई तिहाइ बहुमतसहित सत्तामा पुगेको वर्तमान सरकारले तत्काल कार्की आयोगको प्रतिवेदन सार्वजनिक गर्नुपर्ने उनको माग छ। 'वर्तमान सरकारले कार्की आयोगको प्रतिवेदन तुरून्त सार्वजनिक गरोस् र भदौ २४ का घटनाहरूको विस्तृत छानवीननिम्ति अझै उच्चस्तरीय र विश्वसनीय आयोग बनाओस्।'- उनले भनेका छन्।

उनले सत्ताधारी दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले बुधबार संसद्मा दिएको अभिव्यक्तिले आफूलाई केही आशा जगाएको पनि उनले उल्लेख गरेका छन्।

सभापति लामिछानेले सम्बोधनका क्रममा प्रयोग गरेको 'संस्थागत उपादेयता' भन्ने शब्दलाई इङ्गित गर्दै उनले सत्तासीन दल र सरकार दुवैको ध्यान भदौ २४ को सत्यतथ्य उत्खनन र लोकतान्त्रिक राज्यको संस्थागत रक्षामा केन्द्रित हुनुपर्नेमा जोड दिएका छन्।

# रामग्रामद्वारा १७ स्वास्थ्य संस्था सम्मानित



**गौरीशंकर जयसवाल**
*परासी*

आर्थिक वर्ष २०८२/०८३ मा सम्पन्न स्वास्थ्य कार्यक्रमका प्रमुख सूचकहरूको मूल्यांकनमा सात वटा पालिकामध्ये प्रथम स्थान हासिल गरेको अवसरमा रामग्राम नगरपालिकाले स्वास्थ्य संस्थाहरूलाई सम्मान गरेको छ। स्वास्थ्य क्षेत्रमा सञ्चालन भएका विभिन्न कार्यक्रमको प्रभावकारिता, उपलब्धि तथा सेवा प्रवाहका आधारमा गरिएको मूल्यांकनमा जिल्लामा ७८.५३ प्रतिशत प्राप्त गरी रामग्राम नगरपालिका प्रथम स्थानमा आएपछि नगरपालिकाले स्वास्थ्य क्षेत्रमा योगदान पुऱ्याउने स्वास्थ्य संस्थाहरूलाई सम्मान गरेको हो। रामग्राम नगरपालिका नगरप्रमुख धनपत यादव,उपप्रमुख सम्झना चौधरी र प्रमुख प्रशासकीय अधिकृत भूपेन्द्र पाण्डेले नगरपालिकाभित्र रहेका स्वास्थ्य संस्थाहरूलाई प्रमाणपत्र दिई सम्मान गरेका हुन्।

नगरप्रमुख यादवले आयोजित सम्मान कार्यक्रमले स्वास्थ्य सेवामा उत्कृष्ट कार्य गर्ने स्वास्थ्य संस्थालाई प्रोत्साहन गर्नुका साथै आगामी दिनमा अझ राम्रो सेवा प्रदान गर्न प्रेरणा मिल्ने अपेक्षा गरिएको बताए। उनले स्वास्थ्यकर्मी मेनहेतले र सेवा प्रवाहले सात वटै स्थानीय तहमध्ये जिल्लामा रामग्राम उत्कृष्ट भएकोमा सबैलाई बधाई ज्ञापन गदै स्वास्थ्य सेवाको अवस्था, नागरिकले प्राप्त गरिरहेको सेवा तथा कार्यक्रम कार्यान्वयनको प्रभावकारिता मापन गर्न महत्वपूर्ण भूमिका खेल्ने गर्दछ।

व्यवस्थापनलगायतका विषयलाई प्रभावकारी बनाउन स्वास्थ्यकर्मीहरूको भूमिका महत्वपूर्ण भएको बताए। यादवले भने स्वास्थ्य क्षेत्रमा प्राप्त यो सफलता कुनै एक व्यक्ति वा संस्थाको मात्र नभई नगरपालिकाका सम्पूर्ण स्वास्थ्यकर्मी, कर्मचारी तथा सरोकारवालाको सामूहिक प्रयासको परिणाम भएको जनाए।

१७ वटा स्वास्थ्य संस्थालाई सम्मान गरिएको स्वास्थ्य शाखाका जनस्वास्थ्य निरीक्षक सुरज हरिजनले जानकारी दिए।

कार्यक्रममा स्वास्थ्य क्षेत्रमा कार्यरत स्वास्थ्यकर्मीहरूको मेहनत, समर्पण र सेवाका कारण नगरपालिकाले जिल्लाका सात पालिकामध्ये उत्कृष्ट स्थान हासिल गर्न सफल भएको बताइएको अमरौट स्वास्थ्य चौकीका प्रमुख बलराम सापकोटाले बताए।

उप-प्रमुख सम्झना चौधरीले स्वास्थ्यकर्मीको अथक मेनहेतले प्रयासले सात वटै स्थानिय तहमध्ये रामग्राम नगरपालिका उत्कृष्ट अंक ल्याई प्रथम हुन सफल भएको सबै स्वास्थ्यकर्मीलाई धन्यवाद व्यक्त गरिन।

नगरपालिका प्रमुख प्रशासकीय अधिकृत भूपेन्द्र पाण्डेले रामग्राम नगरपालिकाले स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राख्दै नगरवासीलाई सहज, गुणस्तरीय र प्रभावकारी स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यका साथ विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको बताए।

स्वास्थ्य संस्थाहरूलाई गरिएको सम्मानले स्वास्थ्यकर्मीहरूमा थप उत्साह र जिम्मेवारी बढाउने अपेक्षा गरिएको आधारभूत स्वास्थ्य केन्द्र जोकवारकी प्रमुख भागिरथि पाण्डेले बताइन्।

# प्रादेशिक अस्पतालमा 'बेड' पाउनै मुस्किल

तुलसीपुर। दाङको तुलसीपुरस्थित राप्ती प्रादेशिक अस्पतालमा उपचारका लागि आउने बिरामीले शैया पाउन निकै सास्ती व्यहोर्नु परिरहेको छ।

भाइरलजन्य रोगका बिरामीको संख्या अत्यधिक बढेका कारण अस्पतालका शयूया पूर्ण रूपमा भरिएको अस्पतालमा मेडिकल सुपरिटेन्डेन्ट डा मोहम्मद नुरुल होदाले जानकारी दिए।

उनका अनुसार शयूया अभावकै कारण गम्भीर अवस्थाका बिरामीलाई अस्पतालमा राखेर उपचार गर्न समस्या भएको छ। "शैया नपाएपछि सिकिस्त बिरामी बाध्य भएर निजी अस्पताल, राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान वा नेपालगञ्जसम्म जानु परिरहेको छ," उनले भने-"बिरामी शयूयाका लागि कुर्नुपर्ने अवस्था छ।"

प्रादेशिक अस्पताललाई हालसम्म ५० शैयाको मात्रै स्वीकृति प्राप्त छ। यद्यपि, अस्पताल प्रशासनले आमा सुरक्षा कार्यक्रम, सङ्घीय ससर्त कार्यक्रम र साबिकको कोभिड कार्यक्रमको जनशक्ति परिचालन गरी आफ्नै स्रोतसाधनबाट हाल १४१ शैया सञ्चालन गरिरहेको छ।

बिरामीको चाप भने अत्यधिक छ। सामान्य दिनमा पनि दैनिक ५०० भन्दा बढी र सरकारी बिदा पछिका दिनमा ओपिडीमा आउने बिरामीको संख्या ७०० सम्म पुग्ने गरेको डा. होदाले बताए।



विशेषगरी बाल वार्ड, मेडिसिन वार्ड, र प्रसूति वार्डमा शयूयाको अभाव छ। बाल वार्डमा ११ वटा शयूया रहेकामा चाप बढेपछि १३ वटा पुऱ्याइएको छ। शयूया उपलब्ध गराइदिन भन्दै दैनिक दर्जनौं फोन आउने र बिरामीको चाप धान्न नसकिने अवस्था रहेको डा. होदाले उल्लेख गरे।

अस्पतालमा विशेषज्ञ डाक्टरबाट सहज एवं सुलभ सेवा पाउन थालेपछि अस्पतालप्रति नागरिकको विश्वास बढेको छ। सोही कारण बिरामीको चाप अत्यधिक वृद्धि भइरहेको उनले बताए। बेडको अभावमा उपचारमा समस्या हुने गरेको छ। अस्पताल विकास समितिले यसलाई सरकारीस्तरबाटै ओएनएम सर्भे गराई स्थायी दरबन्दी सिर्जना गरेर कम्तीमा २०० शैयामा स्तरोन्नति गर्नुपर्ने माग राख्दै आएको छ।

## सुनसान छन् सौराहाका होटल :

# पर्यटक भन्छन् नेपालको विपदमा कसरी रमाउनु ?



चितवन। पचहत्तर कोठा भएको सौराहाको 'ल्यान्डमार्क' होटलमा मंगलबार सबै कोठा खाली छन्। यो अवस्था पछिल्ला दिनहरूमा नियमित जस्तै छ। क्षेत्रीय होटल सङ्घ चितवनका अध्यक्ष ओमप्रकाश पाण्डे सञ्चालक रहेको यो होटलमा यतिबेलाको 'बुकिङ' ६० प्रतिशत थियो। भोटेकोशीसँगै सडक सञ्जालमा आएको अवरोधलगायतका कारण ती 'बुकिङ' रद्द हुँदा होटल सुनसान छ।

अध्यक्ष पाण्डेले आफ्नो जस्तै अन्य होटलको पनि अवस्था उस्तै रहेको जानकारी दिए। नेपालमा सीमित भूभागबाहेक अन्य क्षेत्रमा बाढीको कुनै प्रभाव छैन। कृष्णभिरको पहिरोका कारण पृथ्वी राजमार्ग अवरुद्ध भए पनि वैकल्पिक सडक सञ्चालनमा छन्। यद्यपि, पर्यटकहरूले धमाधम 'बुकिङ' रद्द गरिरहेका छन्। यस महिनाका बुकिङ सबै रद्द भएको उनले बताए।

"भारतको गोरखपुरबाट १०० पर्यटकले सौराहाका लागि 'बुकिङ' गरेको कार्यक्रम स्थगन गरेका छन्," अध्यक्ष पाण्डले भने-"संवादका क्रममा पर्यटकले नेपालमा विपद परिरहेका समयमा आफूहरु त्यहाँ रमाउन नसक्ने जानकारी दिएका छन्। अन्तरराष्ट्रियस्तरमा अहिले नेपालमा बाढीपहिरोको जोखिम नभएको सन्देश प्रवाह गर्नुपर्छ।"

गत वर्षको यो समयमा जेनजी आन्दोलनसँगै सुस्ताएको पर्यटन यो वर्ष निकै राम्रो हुने अपेक्षा व्यवसायीले गरेका थिए। सौराहाको होटल भिष्टाका सञ्चालक रमेश सिलवालले भारतीय पर्यटक बढी आउने यो बेलामा बाटोका कारण समस्या भएको जानकारी दिए। बाढी आउँदाभन्दा सडक अवरुद्ध हुँदा बढी 'बुकिङ' रद्द भएको उनको भनाइ छ। उनले भने-"भोटेकोशीमा बाढी आउँदा केही रद्द भए पनि पृथ्वी राजमार्ग अवरुद्ध हुँदा बाँकी सबै बुकिङ रद्द भएको छ।"

मुक्तिनाथ, पशुपतिनाथ, जनकपुरधामलगायत धार्मिक क्षेत्रमा आउने भारतीय पर्यटकले 'बुकिङ' रद्द गर्दा यसको प्रत्यक्ष प्रभाव सौराहामा परेको जनाइएको छ। उनले भने-"अन्तरराष्ट्रियस्तरमा बाढीको प्रभाव सीमित ठाउँबाहेक अन्यत्र छैन भन्ने सन्देश दिनु सक्नुपर्छ।"

होटल सङ्घ नेपालका केन्द्रीय सदस्य सुमन घिमिरे विभिन्न देशहरूले नेपाललाई असुरक्षित सूचीमा राखेकाले विदेशी पर्यटकले 'बुकिङ' रद्द गरेको बताउँछन्। वर्षात्पछि अबका दिनहरूमा क्रमशः स्वदेशी र विदेशी पर्यटक आएर विगतमा सौराहा भरिने गरेको उनले स्मरण गरे। वर्षात्को समयमा पनि शनिबार र आइतबार बिदा हुँदा आन्तरिक पर्यटक आउने गरेकामा बाढी र त्यसपछिको सडक अवरुद्ध हुँदा आन्तरिक पर्यटक पनि नआएको उनी बताउँछन्।

'सेप्टेम्बर' र 'अक्टोबर' महिनाका लागि गरिएका अधिकांश बुकिङ रद्द भएको उनको भनाइ छ। 'सेप्टेम्बर' का सबै बुकिङ रद्द भएका छन् भने अवस्था सुध्रिएमा 'अक्टोबर' मा गरिएका केही बाँकी बुकिङ रद्द नहुने अपेक्षा उहाँको छ। त्यसपछिका महिनामा पूर्ववत् अवस्थामा पर्यटक आउने व्यवसायीले आशा गरेका छन्।

सौराहामा यतिबेला सरदर पाँच प्रतिशत पर्यटक भएको अनुमान छ। गत वर्ष यतिबेला २५ देखि ३० प्रतिशत पर्यटक हुने गरेका थिए। केन्द्रीय सदस्य घिमिरे अन्तरराष्ट्रिय सञ्चारमाध्यमहरूमा नेपाल घुम्नका लागि सुरक्षित छ भन्ने सन्देश प्रवाह गर्नुपर्ने बताउँछन्। सरकारले विश्वका विभिन्न देशमा रहेका राजदूतहरूमार्फत् नेपालको अहिलेको अवस्थाका बारेमा सम्बन्धित देशमा सूचना प्रवाह गर्न सकेमा पर्यटन क्षेत्रमा सकारात्मक प्रभाव पर्ने उनको भनाइ छ। सौराहाको केसीज रेष्टुरेन्ट एन्ड होमका सञ्चालक नरेश गिरीले चोकैमा रहेको आफ्नो रेष्टुरेन्ट र होटलसमेत सुनसान भएको जानकारी दिए। विगतमा रेष्टुरेन्ट भिडभाड हुने यो समयमा पर्यटक नआएको जनाउँदै उनले भएका 'बुकिङ'समेत रद्द भएको बताए। 'बुकिङ' रद्द भएको अवस्था हेर्दा 'नोभेम्बर'सम्म नकारात्मक देखिएको उनको भनाइ छ। भोटेकोसी बाढीमा भारतीयसहित विदेशी पर्यटकसमेत परेका कारण अन्तरराष्ट्रिय जगत्मा नेपाल असुरक्षित छ भन्ने सन्देश पुगेको व्यवसायी गुनासो गर्दछन्। सीमित भूगोलामा बाढीको प्रभाव रहे पनि नेपालका अन्य भूभाग सुरक्षित छन् भन्ने सन्देश प्रवाह गर्न जरुरी छ। यसका बारेमा अन्तरराष्ट्रिय जगत्मा सन्देश प्रवाह गर्न नसक्दा पर्यटन क्षेत्रमा नकारात्मक असर परेको जनाइएको छ।

सौराहामा १२० भन्दा बढी होटल छन्। जहाँ पाँच हजारभन्दा बढी पर्यटकलाई एकैदिन राख्न सक्ने क्षमता छ। यहाँबाट काठमाडौँ दैनिक पर्यटक बस चल्ने गरेकामा पृथ्वी राजमार्गको कृष्णभिरमा पहिरो गएसँगै ती बस रोकिएका छन्। हवाई भाडा महँगो र उच्च चापका हुँदा पर्यटक सहजै आउने परिस्थिति छैन। मुख्य रूपमा चितवन राष्ट्रिय निकुञ्ज घुम्न आउने पर्यटक यहाँ बस्ने गर्दथे। यस्तै देशका विभिन्न भागबाट गोष्ठी, बैठक, सभा, सम्मेलन गर्न नेपाली यहाँ आउने गर्दछन्।

नेपालको तेस्रो पर्यटकीय गन्तव्यका रूपमा सौराहालाई लिने गरिन्छ। सफारी पर्यटनको हिसाबले यो पहिलो गन्तव्य हो।

# अन्तरविद्यालय मौलिक तिजगीत प्रतियोगिताको तयारी पूरा

बुटवल। शान्तिका लागि सञ्चार अभियानद्वारा सञ्चालित बुद्ध सामुदायिक टेलिभिजनको आयोजनामा अन्तरविद्यालय मौलिक तिजगीत प्रतियोगिता २०८३ को तयारी पूरा भएको छ।

नेपाली महिलाहरुको महान् पर्व हरितालिका तिज तथा टेलिभिजनको १८औं स्थापना दिवसको अवसरमा बिहीबार प्रतियोगिताको आयोजना गरिएको हो। संस्कृति संरक्षणमा शिक्षाको महत्व शीर्षकमा आयोजना हुने प्रतियोगिताको तयारी पूरा भएको बुद्ध सामुदायिक टेलिभिजनका अध्यक्ष झपटबहादुर गुरुङ (जेभि)ले जानकारी दिए। बुटवल उद्योग वाणिज्य संघको सभाहलमा आयोजना हुने प्रतियोगितामा रुपन्देहीका १४ वटा विद्यालयको सहभागिता रहेको उनले बताए।

प्रतियोगितामा कान्ति मावि, नवीन औद्योगिक कदरबहादुर रीता मावि, शान्ति नमूना मावि, नोवेल इन्भारोमेन्ट एकेडेमी तिलोत्तमा, लिटिल प्याराडाइज इङ्ग्लिस स्कुल तिलोत्तमा, न्यू लुम्बिनी इङ्ग्लिस बोर्डिङ् स्कूल देवदह, सन मोडेल इङ्ग्लिस बोर्डिङ स्कुल कञ्चन, तिनाउ इङ्ग्लिस बोर्डिङ् स्कूल, न्यू होराइजन इङ्ग्लिस बोर्डिङ सेकेण्डरी स्कूल, इन्टलक्च्युअल एकेडेमी, लक्ष्मी मावि, ज्ञान पुन्ज इङ्ग्लिस बोर्डिङ् स्कूल, एभरेष्ट इङ्ग्लिस बोर्डिङ् स्कूल, ज्ञान गंगा पाठशालाले सहभागिता जनाएको कार्यक्रमका सह-संयोजक शेखर अर्यालले जानकारी दिए।

प्रतियोगितामा प्रथम पुरस्कार ५० हजार,द्वितीय ३० हजार, तृतीय १५ हजार र सान्त्वना ५-५ हजार रहेको कार्यक्रमका संयोजक बाबुराम अर्यालले जानकारी दिए।

कार्यक्रमा बुटवल उपहानगरपालिका मुख्य संरक्षक, तिलोत्तमा नगरपालिका, देवदह, सिद्धार्थ नगर नगरपालिका र कञ्चन गाउँपालिकाको सहकार्यमा हुनेछ। १४ टीमका बिचमा हुने प्रतिस्पर्धामा यसोदा फुड्स प्रा.लि. मुख्य प्रायोजक, अन्नपूर्ण एग्रो इन्टष्ट्रिज प्रा.लि., अर्घाखाँची सिमेन्ट लिमिटेड प्रायोजक रहेका छन्। प्रतियोगिता बिहान १० बजेबाट सुरु हुनेछ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस !
आइडिया
डिजाइनर्स/
अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सज्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com







सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com